सुशासन र रोजगारी समाजवादको तयारी

राष्ट्रियता र लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी

# नेपाली कम्युनिष्ट पार्टी
# प्रतिवद्धता पत्र

## प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२

राजनीतिक स्थिरता
सुशासन
नयाँ चरणको आर्थिक सुधार
सामाजिक न्यायसहितको समृध्दि

(**स्वाधिन र समृद्ध नेपाल निर्माणको मार्गचित्र**)

## अध्याय १
## स्वाधीन र समृद्ध नेपाल निर्माणका लागि

# नेपाली कम्युनिष्ट पार्टीको दृष्टिकोण

## *१. विषय प्रवेश*

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू, यही २०८२ फागुन २१ मा प्रतिनिधिसभा सदस्यको निर्वाचन हुन गइरहेको छ । यस अवसरमा हामी सर्वप्रथम यहाँहरु सबैमा हार्दिक अभिवादन गर्दछौँ । आज हामीले उपयोग गरिरहेका हक अधिकारहरु प्राप्त गर्नका निम्ति सङ्घर्ष गर्ने क्रममा आफ्नो जीवनको आहुति दिनुहुने ज्ञात अज्ञात सम्पूर्ण आदरणीय शहीदहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । घाइते, अपाङ्ग र बेपत्ता योद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछौँ । मुलुकको लोकतान्त्रिक आन्दोलन एवं कम्युनिस्ट आन्दोलनका सबै अग्रज नेताहरुप्रति उच्च सम्मान व्यक्त गर्दछौँ । हामी पहिले विभिन्न कम्युनिष्ट तथा समाजवादी पार्टीको रुपमा कार्यरत थियौँ । अहिले बाइसओटा कम्युनिष्ट तथा समाजवादी पार्टी र समूह मिलेर नेपाली कम्युनिष्ट पार्टी बनेका छौँ र तारा चिन्ह लिएर तपाईंहरुमाझ आएका छौँ ।

## *२. वर्तमान परिस्थिति*

नेपाली समाज दीर्घकालीन राजनीतिक, सामाजिक र आर्थिक रुपान्तरणको ऐतिहासिक प्रक्रियामा छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान कार्यान्वयनमा छ तर आर्थिक समृद्धि, सामाजिक न्याय र राष्ट्रिय स्वाभिमानको पूर्ण प्राप्तिको लागि अझै सङ्घर्ष गर्नु परिरहेको छ । विस्तृत शान्ति सम्झौताअनुरूप शान्ति प्रक्रियाले अझै पूर्णता पाएको छैन । यसै कठिन ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्न नै हामी एक भएका हौं । यो एकीकरणले सिर्जना गरेको सामूहिक शक्ति र साझा विश्वासबाट नै हामी यस देशलाई स्थिरता, समृद्धि र प्रगतिको बाटोमा अग्रसर गराउन सक्षम हुनेछौँ ।

नेपालको सामाजिक–आर्थिक संरचना ऐतिहासिक रूपमा सामन्ती अवशेष, परनिर्भरता र नवउदारवादी नीतिहरूको प्रभावमा परेको छ । श्रमजीवीहरूमाथिको वर्गीय शोषण, उत्पीडित जाति माथिको उत्पीडन, जातपातजन्य विभेद, लैङ्गिक विभेद र क्षेत्रीय असमानताले राज्य–समाज सम्बन्धलाई गहिरो रूपमा विकृत बनाएको छ । जनआन्दोलनहरू, सशस्त्र सङ्घर्ष र राजनीतिक परिवर्तनमार्फत निरङ्कुश राजतन्त्रको अन्त्य, गणतन्त्र र सङ्घीयताको स्थापना भए पनि ती उपलब्धीहरू जनताको दैनन्दिन जीवनमा संस्थागत रूपले प्रतिफलित हुन सकेका छैनन् । नव युवा जन–आन्दोलनपछि नेपाल अग्रगमनतर्फ अघि बढ्ने कि प्रतिगमनतर्फ धकेलिने भन्ने दोसाँधमा उभिएको छ ।

नेपाल दक्षिण एशियाको संवेदनशील भूराजनीतिक धरातलमा अवस्थित छ । छिमेकी तथा विश्व शक्तिहरूबिचको रणनीतिक प्रतिस्पर्धा, व्यापारिक मार्ग, ऊर्जा, सुरक्षा र कूटनीतिक प्रभाव विस्तारको प्रयासले नेपालको राष्ट्रिय नीति निर्माणमा प्रत्यक्ष प्रभाव पारिरहेको छ । यस्तो अवस्थामा कम्युनिस्ट आन्दोलनले केवल सत्ता प्राप्तिलाई मात्र होइन, समाजको संरचनात्मक रूपान्तरणलाई आफ्नो मूल लक्ष्य बनाउनु आवश्यक छ । राष्ट्रिय स्वाधीनता, स्वाधीन अर्थतन्त्र, सामाजिक न्याय र जनआधारित राज्य संरचनामार्फत मात्र सार्वभौमिकता सुरक्षित गर्न सकिन्छ ।

देश आज बहुआयामिक सङ्कटको चरणमा छ । अर्थतन्त्र दीर्घकालीन मन्दीमा फसेको छ । उत्पादनशील क्षेत्र कमजोर छ । आयातनिर्भर उपभोगमुखी अर्थतन्त्र हावी छ । बेरोजगारी र अर्धबेरोजगारी व्यापक छ, जसका कारण युवाशक्ति ठूलो सङ्ख्यामा वैदेशिक रोजगारीमा पलायन भइरहेको छ । कृषि, उद्योग र सेवा क्षेत्रबिच सन्तुलन नहुँदा राष्ट्रिय अर्थतन्त्र अस्थिर बनेको छ । देश आयातमुखी, परनिर्भर, श्रम पलायन, सामाजिक असन्तोष र राजनीतिक अस्थिरतातर्फ धकेलिएको छ । सङ्घीयताको मर्मअनुसार अधिकार बाँडफाँट, स्रोत साधनको न्यायोचित वितरण र सुशासन कमजोर छ । भ्रष्टाचार, विचौलिया, दलाल, वित्तीय पुँजीवाद र सत्ताकेन्द्रित राजनीतिले जनविश्वास क्षय भएको छ । देशमा वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय विभेदका स्वरूपहरू अझै विद्यमान छन् । शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवा व्यापारीकरणतर्फ धकेलिएका छन् । यस्तो परिस्थितिमा आम जनताको पक्षमा दृढ वैचारिक विकल्प प्रस्तुत गर्नु कम्युनिस्ट आन्दोलनको तत्कालीन आवश्यकता हो ।

## *३. नेपाली कम्युनिस्ट पार्टी नै किन ?*

यस पटक चुनावमा धेरै राजनैतिक दलहरू सहभागी भएका भएता पनि मुख्य प्रतिस्पर्धा चार प्रकारका राजनीतिक दलहरुबिच रहेको छ । पहिलो : क्रान्तिकारी शक्ति । यसको मूल प्रतिनिधि नेपाली कम्युनिस्ट पार्टी हो । नेपाली कम्युनिस्ट पार्टीले मात्रै समाज रूपान्तरणको स्पष्ट दृष्टिकोण र समाजवादी कार्यदिशा अँगालेको छ । दोस्रो : यथास्थितिवादी शक्ति, जसको प्रतिनिधित्व नेकपा एमाले र नेपाली कांग्रेसले गर्दछन् । एमाले र कांग्रेसले मुलुकलाई अहिलेको अवस्थाबाट अगाडि बढाउने कुनै नवीन अवधारणा प्रस्तुत गरेका छैनन् । यिनीहरू यथास्थितिमै रहन चाहान्छन् । तेस्रो : पपुलिष्ट शक्ति । आफुलाई नयाँ भन्ने पपुलिष्ट शक्ति सिद्धान्तहिन एवम् दृष्टिकोणविहिन शक्ति हो । यो भदौ २४ को विध्वंस मच्चाउने तत्वसँग जोडिएको शक्ति हो । यसले मुलुकका समस्या समाधान गर्ने कुनै दृष्टिकोण प्रस्तुत गरेको छैन । त्यसैले यो देश र जनताको हितमा काम गर्ने शक्ति हुनै सक्दैन । चौथो : प्रतिगामी पुनरुत्थानवादी शक्ति । यो राप्रपाको नामबाट चुनावी मैदानमा छ । यसले जन क्रान्तिद्वारा उखेलेर फ्याकिएको सामन्ती राजतन्त्र फर्काउन चाहन्छ । यो देशलाई अगाडि होइन पछाडि धकेल्ने चालबाजी मात्रै हो ।

मतदाताले उपर्युक्त चार प्रकारका शक्तिमध्ये एउटालाई छान्नुपर्ने छ । हाम्रो अनुरोध यो छ कि मुलुकलाई आजको अवस्थाबाट अगाडि लैजाने स्पष्ट दृष्टिकोण र योजना भएको शक्ति छनोटमा परोस् । हामी यो दावा गर्छौं कि हामीले विगतमा अनेक प्रकारका क्रान्तिकारी सङ्घर्ष सञ्चालन गरेर मुलुकमा ठूलाठूला राजनीतिक परिवर्तन गरेका थियौँ । आज आम जनताले उपभोग गरिरहेको नागरिक अधिकार, लोकतन्त्र, संघीयता, समानुपातिक समावेशी प्रतिनिधित्व, धर्मनिरपेक्षता आदि ल्याउनका निम्ति सङ्घर्ष र नेतृत्व गरेको हामीले हो । त्यसैले भन्न सक्छौँ कि व्यवस्था बदलेको हामीले हो, अब अवस्था पनि हामीले नै बदल्ने छौँ । अरुले गफ गर्ने हुन हामी काम गर्छौं । जसरी व्यवस्था बदल्यौँ त्यसैगरी अवस्था पनि बदल्ने छौँ । यो हाम्रो दृढ प्रतिज्ञा हो । यसमा हामी लागिपर्नेछौँ । विगतमा हाम्रा पनि कतिपय कमी कमजोरी भए होलान् । त्यसमा हामी आत्मालोचनापूर्वक सचेत छौँ र कमी कमजोरीलाई सच्याएर अघि बढ्न प्रतिबद्ध छौँ । त्यसैले यहाँहरुसँग हाम्रो हार्दिक अपिल छ कि तपशिलका काम गर्नका निम्ति यस पटक तारा चुनाव चिन्हमा मतदान गरी हामीलाई व्यवस्था बदले जस्तै देशको अवस्था पनि बदल्ने अवसर प्रदान गर्नुहोस् :

· राष्ट्रिय स्वाधीनतालाई राजनीतिक, आर्थिक र नीतिगत आत्मनिर्णयसहित सुदृढ गर्दै वैदेशिक हस्तक्षेप तथा परनिर्भरताको अन्त्य गर्न ।

· सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, सुदृढीकरण र विकास तथा सङ्घ, प्रदेश र स्थानीय तहबिचको अधिकार बाँडफाँट सुस्पष्ट गर्न ।

· समतामूलक समृद्धि, सुशासन, सामाजिक न्याय र मानवीय मूल्यको प्रत्याभूति गर्दै देशको उत्पादन, वितरण र सेवामा जनताप्रतिको उत्तरदायित्व सुनिश्चित गरी समाजवादतर्फ अग्रसर हुन ।

· वर्तमान संविधानको सकारात्मक पक्षहरूको रक्षा र सदृढीकरण गर्दै शासकीय स्वरुप, निर्वाचन प्रणाली, सङ्घीय संरचनाको सुदृढीकरणलगायतका विषयमा युवा पुस्ताको भावनाको समेत आधारमा संविधान संशोधन र अग्रगामी परिमार्जन गर्न ।

· बहुलतायुक्त समाजअनुकूल राज्यसत्तामा सबै समुदायको प्रतिनिधित्व, पहुँच र पहिचान सुनिश्चित गर्दै समावेशी लोकतान्त्रिक संरचना निर्माण गर्न ।

· जनतालाई भोक, रोग, गरिबी, असमानता र वर्गीय विभेदबाट मुक्ति दिलाउन तथा शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षाजस्ता मौलिक हकको व्यवहारिक कार्यान्वयन गर्न ।

· राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिकरूपले बहिष्करणमा परेका वा पारिएका महिला, मधेसी, आदिवासी जनजाति, खस, दलित, मुस्लिम, थारु, पिछडा वर्ग, अल्पसङ्ख्यक समुदाय, विपन्न वर्ग पिछडिएको क्षेत्रलगायतका सीमान्तीकृत वर्ग र समुदायहरूलाई राज्यका सबै अङ्ग, तह र निकायमा समानुपातिक समावेशीकरणको प्रत्याभूति दिलाउन ।

· महिला, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र लोपोन्मुख तथा सीमान्तीकृत समुदायहरूलाई अधिकार र अवसरमा समानता तथा सहभागिता सुनिश्चित गर्न ।

· देशको सार्वभौमिकता र भूअखण्डताको रक्षा गर्दै पहिचान र अधिकारसहितको सङ्घीय समाजवादी गणतन्त्रको रणनीतिक लक्ष्य प्राप्तिका लागि सडक, सदन र सरकार तीनै क्षेत्रबाट सङ्घर्षरत रहन ।

· धार्मिक स्वतन्त्रता, बहुसांस्कृतिक सम्मान र सामाजिक सद्भाव विथोल्ने सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै राष्ट्रिय एकता मजबूत पार्न ।

## ४ हाम्रा प्रमुख नीतिगत प्रतिवद्धताहरू

आदरणीय जनसमुदाय,

***आदरणीय जनसमुदाय,***

प्रतिनिधिसभा सदस्यको निर्वाचन २०८२ को सन्दर्भमा हामी यहाँहरूसमक्ष हाम्रा प्रमुख नीतिगत कार्यक्रमिक प्रतिवद्धताहरू निम्नानुसार प्रस्तुत गर्दछौं :

क. राष्ट्रिय स्वाधीनता र स्वाभिमानको रक्षा अहिले मुलुकमा जुन खालका बाह्य हस्तक्षेपकारी गतिविधि भएका छन् त्यसबाट इतिहासमा कहिल्यै कुनै विदेशी शक्तिको अधिनमा नरहेको हाम्रो राष्ट्रको स्वाधीनता र स्वाभिमानमा आँच आउन सक्ने खतरा महसुस भएको छ । नेपाल कम्युनिस्ट पार्टी आफ्नो स्थापना कालदेखि नै नेपाल राष्ट्रको स्वतन्त्रता, भौगोलिक अखण्डता, सार्वभौमसत्ता सम्पन्नता र स्वाभिमानको पक्षमा दृढतापूर्वक उभिँदै आएको छ । आज पनि हामी हाम्रो राष्ट्रिय स्वाधीनता र स्वाभिमानको रक्षाका निम्ति त्यही दृढताका साथ उभिने प्रतिबद्धता जाहेर गर्दछौं ।

ख. लोकतन्त्रको रक्षा र विकास अहिले मुलुकमा संघीयता र समानुपातिक एवं समावेशी सहभागिताजस्ता मौलिक विशेषतासहितको बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली कायम छ । यो प्रणाली नेपाली जनताले लामो बलिदानी सङ्घर्ष गरेर स्थापना गरेको प्रणाली हो । अहिले यसका विरुद्ध अनेक प्रकारका षड्यन्त्र भइरहेका छन् । हामी यस प्रणाली विरुद्धका सबै षड्यन्त्रहरूलाई परास्त गर्दै यसलाई सुदृढ र सुस्थिर बनाउन र समाजवादी लोकतन्त्रको रूपमा विकास गर्न चाहन्छौं ।

लोकतन्त्रको सुदृढीकरण र विकासको सवाल स्थापित प्रणालीको स्थिरताको सवाल पनि हो । मुलुकको विकासका निम्ति लोकतान्त्रिक प्रणालीको स्थिरता जरुरी छ । अहिले हाम्रो स्थापित प्रणालीका विरुद्ध विभिन्न गतिविधि गर्दै मुलुकमा अस्थिरता सिर्जना गर्ने दुष्प्रयास भइरहेको छ । हामी त्यस प्रकारको दुष्प्रयासलाई परास्त गर्दै मुलुकमा स्थिरता कायम गर्न र लोकतन्त्रको सुदृढीकरण गर्दै विकासको यात्रामा अगाडि बढ्न दृढप्रतिज्ञ छौं ।

ग. सुशासन, उत्पादन वृद्धि र रोजगारी सिर्जना अहिले मुलुकको मुख्य आवश्यकता सुशासनको प्रत्याभूति, उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्नु हो । त्यसैले अहिलेको हाम्रो प्राथमिकता मुलुकमा सुशासन कायम गर्दै उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्नु हो । यस कुरामा हामी पूर्ण प्रतिबद्ध छौं । सुशासन र पारदर्शिता आधुनिक लोकतन्त्रका अपरिहार्य पक्ष हुन् । अहिले जनताले सुशासन र पारदर्शिता अनुभूत गरेका छैनन् । भ्रष्टाचार, कमिसनतन्त्र, अपारदर्शिता र ढिलासुस्ती क्यान्सर जस्तै फैलिरहेको छ । सङ्घीयताको मर्मअनुरूप जनताको घरदैलोमै प्रभावकारी सेवा प्रदान भएको छैन । हामी यस स्थितिमा परिवर्तन गर्नैपर्ने पक्षमा छौं । भ्रष्टाचारमा शून्य सहनशीलतासहितको सुशासन, पूर्ण पारदर्शिता, शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप राज्यका सबै अङ्गहरूको सञ्चालन र सङ्घीयताको मर्म अनुरूप जनताको घरदैलोमै प्रभावकारी सेवा प्रदान गर्ने हाम्रो दृढप्रतिज्ञा छ । एक उच्च स्तरीय सम्पत्ति छानविन आयोग गठन गरेर आजसम्म सार्वजनिक पद धारण गरेका सबै व्यक्तिको सम्पत्ति छानविन गरी भ्रष्टाचारीमाथि कडाभन्दा कडा कारबाही गर्नुपर्दछ र भ्रष्टाचार गरी कमाएको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्दछ भन्नेमा हामी प्रतिबद्ध छौं । उत्पादनको कमी र बेरोजगारी ठूलो समस्याको रूपमा रहेका छन् । यो समस्याको समाधान गर्न कृषि उत्पादनमा वृद्धि, स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग धन्दाको विकास र औद्योगिक उत्पादनमा वृद्धि, ऊर्जा उत्पादनमा वृद्धि र व्यापार प्रवर्द्धन तथा पर्यटन उद्योगको विकास र पर्यटन आगमनमा वृद्धि गर्न विशेष योजना बनाएर काम

गर्नुपर्ने पक्षमा छौं । त्यसो गरेर नागरिकका लागि रोजगारीका अवसर सिर्जना गर्न सकिनेछ, राष्ट्रिय आय वृद्धि गर्न सकिनेछ, खाद्यान्नमा आत्मनिर्भर हुन सकिनेछ र व्यापार घाटा कम गर्न सकिनेछ ।

घ. संविधानको पुनरावलोकन र परिमार्जन हाम्रो संविधान जननिर्वाचित संविधानसभाबाट निर्माण गरिएको संसारका उत्कृष्ट संविधानमध्ये एक हो । यसमा नेपाली जनताले लामो समयसम्म अनेक प्रकारका बलिदानपूर्ण सङ्घर्ष सञ्चालन गरेर प्राप्त गरेका अधिकारहरू दस्तावेजीकरण गरिएको छ । त्यसैले यो जनताले सङ्घर्ष गरेर प्राप्त गरेका अधिकारहरूको दस्तावेज हो । यसलाई खारेज गर्ने अधिकार कसैलाई पनि छैन । तथापि यो अपरिवर्तनीय दस्तावेज भने होइन । यसको कार्यान्वयन गर्दा देखापरेका समस्या समाधान गर्नका निम्ति यसमा आवश्यक परिमार्जन गर्न सकिन्छ, गर्नुपर्दछ । तर, त्यसको प्रक्रिया स्वयम् संविधानले निर्देश गरे बमोजिम हुनुपर्दछ भन्ने हाम्रो दृढ मान्यता छ । संविधान कार्यान्वयनको गम्भीर समीक्षा एवं पुनरावलोकन गरेर त्यसबाट निस्किएका निष्कर्षका आधारमा शासकीय स्वरूप र निर्वाचन प्रणालीगायत विभिन्न पक्षमा परिमार्जन गर्नुपर्दछ भन्ने हाम्रो दृढ अठोट रहेको छ ।

ङ. शान्ति प्रक्रियाको पूर्णता र सङ्क्रमणकालको अन्त्य विस्तृत शान्ति सम्झौता देशको दिगो शान्तिको प्रमुख आधार हो । तर हालसम्म पनि त्यसले पूर्णता प्राप्त गर्न सकेको छैन । दिगो शान्तिका लागि त्यसका बाँकी कार्यहरू तथा विभिन्न आन्दोलनका क्रममा भएका सहमति र सम्झौताहरू पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्दछ । सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन संशोधन गरी सत्य निरूपण, मेलमिलाप तथा बेपत्ता छानबिन आयोगलाई प्रभावकारी बनाउनुपर्दछ । शान्ति प्रक्रिया टुङ्ग्याएर देशलाई स्थायित्वतर्फ लैजानु राष्ट्रिय आवश्यकता हो । द्वन्द्वपीडितलाई क्षतिपूर्ति, पुनःस्थापना र परिपूरण प्रदान गर्नु राज्यको दायित्व हो । त्यसका लागि आन्दोलनका क्रममा घाइते तथा अङ्गभङ्ग भएका नागरिकहरूको उपचार, रोजगारी र पुनःस्थापनाको व्यवस्था गर्न हाम्रो पार्टी प्रतिबद्ध छ ।

च. आर्थिक–सामाजिक रूपान्तरण र समाजवादका आधार निर्माण हाम्रो लक्ष्य नेपाली विशेषताको वैज्ञानिक समाजवाद हो । वैज्ञानिक समाजवाद भनेको सबै जनताका निम्ति खाना, छाना र नाना तथा शिक्षा, स्वास्थ्य र रोजगारी उपलब्ध गराइएको, उत्पादनका साधनमाथि सामूहिक स्वामित्व भएको र सामाजिक न्याय एवं समानतासहितको समाज व्यवस्था हो । वर्तमान नेपाली समाजमा आर्थिक–सामाजिक रूपान्तरणका व्यापक अभियान सञ्चालन नगरी त्यो अवस्था निर्माण गर्न सकिँदैन । त्यसैले हामी वर्तमान नेपाली समाजमा व्यापक रूपले आर्थिक–सामाजिक रूपान्तरणका अभियान सञ्चालन गरेर समाजवादको आधार निर्माण गर्नुपर्दछ भन्ने पक्षमा छौं । देशमा भएको राजनीतिक परिवर्तन अनुरूप आर्थिक–सामाजिक रूपान्तरण हुन नसकेको हुनाले व्यवस्था बदलिए पनि जनताको अवस्था बदलिएन भन्ने भाष्य निर्माण हुन गयो । मुलुकमा विकास हुँदै नभएको त होइन तर जति भयो त्यो पर्याप्त भएन । त्यसैले यो भाष्य बन्न गयो । यसलाई बदल्नुपर्छ । यसलाई बदल्न आर्थिक–सामाजिक रूपान्तरणका महाअभियान सञ्चालन गर्नु जरुरी छ । त्यो हामी गर्नेछौं । मुलुकको आर्थिक–सामाजिक रूपान्तरण गरेर समाजवादको आधार निर्माण गर्नेछौं ।


छ. विभेद र असमानताको अन्त्य हाम्रो समाजमा अहिले पनि वर्गीय, जातीय, लैङ्गिक, भाषिक, धार्मिक, सांस्कृतिक र भौगोलिक विभेद, असमानता र उत्पीडन कायम छ । जातीय छुवाछूतजस्तो मानव मर्यादाको कलङ्कसमेत समाजमा अझै विद्यमान छ । छाउपडी र डाइनी, बोक्सीजस्ता कुरीति र अन्धविश्वास पनि विद्यमान छन् । यी सब सामन्ती व्यवस्थाका अवशेष हुन् । हामी सबै प्रकारको विभेदकारी व्यवहार, असमानता, उत्पीडन, कुरीति र अन्धविश्वासको अन्त्य गर्न चाहन्छौं । त्यसका लागि प्रभावकारी कदम चाल्न प्रतिबद्ध छौं ।

# अध्याय २

# राजनीतिक स्थायित्व,  सुशासन र परिणाममुखी प्रशासन

## १. राजनीतिक स्थायित्व, शासकीय स्वरुप र संघीयता कार्यान्वयन

***बहुदलीय व्यवस्था पुनर्स्थापनापछिका ३५ वर्षमा राजनीतिक तथा नीतिगत अस्थिरताका कारण देशले सामाजिक–आर्थिक रूपान्तरणको दिशामा ठूलो फड्को मार्न सकेन ।***



***वर्तमान निर्वाचन प्रणालीअन्तर्गत एकै पार्टीले बहुमत प्राप्त गरी पाँच वर्षसम्म सरकार चलाउने सम्भावना न्यून रहेकोले नेपाली जनताका विभिन्न कालखण्डका संघर्ष, बलिदान तथा पछिल्लो नवयुवा (जेनजी) पुस्ताको मर्म अनुरुप राजनीतिक स्थिरताका लागि संविधान संशोधन गरी निम्न व्यवस्था गरिनेछ।***

- शासकीय स्वरूपमा आमूल परिवर्तन गर्न नियन्त्रण र शक्ति सन्तुलन हुने गरी शासकीय स्वरूप परिमार्जन गर्ने ।
- विद्यमान निर्वाचन प्रणाली अत्यन्त खर्चिलो र भड्किलो भएकोले यसले भ्रष्टाचारलाई बढावा दिएको छ । यसले कमजोर आर्थिक तथा सामाजिक अवस्था भएका आम नागरिकलाई निर्वाचनमा भाग लिन असमर्थ बनाएको छ । यस निर्वाचन प्रणालीलाई परिवर्तन गरेर सरल र कम खर्चिलो बनाइनेछ ।
  - निर्वाचित सांसदहरू विधायकी भूमिकामा रहने र हालको २५ बाट घटाएर विषयगत विज्ञहरू सम्मिलित सानो आकारको मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था गर्ने ।
  - नयाँ प्रतिनिधिसभा गठन भएको एक वर्षभित्र सङ्घीयता कार्यान्वयनका लागि आवश्यक सबै कानुनहरू तर्जुमा गरी प्रदेश र स्थानीय तहले संविधान बमोजिम प्राप्त गर्ने अधिकार उपभोग गर्ने वातावरण निर्माण गर्ने ।
  - शिक्षा, स्वास्थ्य, आवास, खानेपानी, खाद्य सुरक्षा, संस्कृति, भाषा विकास लगायतका मौलिक हक कार्यान्वयनका क्षेत्रमा सङ्घीय बजेटको ६० प्रतिशत प्रदेश र स्थानीय तहबाट परिचालन गर्ने व्यवस्था गर्ने ।
  - राष्ट्रिय सभालाई उत्पीडित वर्ग, क्षेत्र तथा समुदाय र राष्ट्रिय जीवनमा विशिष्ट भूमिका निर्वाह गरेका व्यक्तिहरूको प्रतिनिधित्व हुने सभाको रूपमा स्थापित गर्ने ।
  - प्रदेशको शासकीय स्वरूपमा परिमार्जन गरी प्रदेश सभा र प्रदेश सरकारको गठन तथा सञ्चालनमा प्रदेशका राजनीतिक दलहरूलाई नै जवाफदेही बनाइने ।
  - आदिवासी आयोग, थारु आयोग, भाषा आयोग, जनजाति उत्थान प्रतिष्ठान, समावेशी आयोग लगायतका संवैधानिक आयोगहरूका बीच देखिएको अधिकार र कार्यक्षेत्रको दोहोरोपनलाई हटाई पुनर्संरचना गरिनेछ र आयोगहरूलाई स्रोतसाधन सम्पन्न बनाइनेछ ।
-

## २. भ्रष्टाचार नियन्त्रण र सुशासन

भ्रष्टाचार नियन्त्रणलाई पार्टीको आधारभूत मान्यता, सोच, नीति तथा कार्यक्रमको प्रस्थानविन्दु बनाइने छ ।

· हालसम्मका सार्वजनिक पद धारण गरेका सबै व्यक्तिको सम्पत्ति छानबिन तथा भ्रष्टाचारका काण्डहरूको छानबिन गर्न एक वर्ष समयसीमा रहने गरी अधिकार सम्पन्न स्वतन्त्र आयोग गठन गरिनेछ ।

· राज्यका सबै अङ्गमा हुने भ्रष्टाचार नियन्त्रण गर्न र भ्रष्टाचारीलाई कारबाहीको दायरामा ल्याउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण विभाग समेतलाई समाहित गरी अधिकारप्राप्त उच्चस्तरीय लोकपाल गठन गरिनेछ ।

· देशलाई खैरो सूची (ग्रेलिस्ट) बाट निकाल्न समयबद्ध कार्ययोजना कार्यान्वयनमा ल्याइनेछ । · सार्वजनिक सेवा प्रवाहमा सुशासन कायम गर्न डिजिटल र ई–शासन ब्लूप्रिन्ट (E-Governance Blueprint) कार्यान्वयन गरिनेछ ।

· भनसुन, सिफारिसबिना नै सेवा प्राप्त गर्न मुहाररहित, कागजरहित र नगदरहित (Faceless, Paperless, Cashless) प्रशासन प्रणाली विकास गरिनेछ ।

· कर्मचारीतन्त्रमा योग्यता (मेरिट) मा आधारित र कामको नतिजा (पर्फर्मेन्स) अनुसार प्रोत्साहन दिने व्यवस्था अनिवार्य लागू गरिनेछ ।

· आउँदो ५ वर्षभित्र सरकारी सेवामा ३० प्रतिशत नयाँ र सक्षम जनशक्ति भित्र्याइनेछ ।

· एउटै प्रकृतिका दोहोरो भूमिका तथा जिम्मेवारी भएका निकायहरूको पुनर्संरचना गरिनेछ ।

· संवैधानिक तथा सार्वजनिक निकायमा दलगत नियुक्ति तथा भागबण्डा अन्त्य गर्न योग्यता प्रणाली (Meritocracy) लागू गरिनेछ ।

· सेवाग्राहीलाई नागरिक वडापत्र अनुसार सेवा प्राप्त गर्न लाग्ने समयको पूर्व जानकारी दिई सोही समयभित्र सेवा प्राप्त सुनिश्चित गर्न सार्वजनिक सेवाप्रवाहमा टाइम कार्ड प्रणाली लागू गरिनेछ ।

## ३. परिणाममुखी सार्वजनिक प्रशासन

विद्यमान प्रक्रियामुखी तथा तदर्थवादी सार्वजनिक प्रशासनलाई जनउत्तरदायी, तटस्थ, पारदर्शी, प्रविधिमैत्री, परिणाममुखी तथा भ्रष्टाचारमुक्त बनाउन गरी विकास गरिनेछ ।

· संविधानको मर्मअनुरूप सङ्घीयता कार्यान्वयन गर्न सङ्घीय निजामती सेवा ऐन यथाशीघ्र जारी गर्न संसद्को पहिलो अधिवेशनबाट संकल्प प्रस्ताव पेश गरिनेछ ।

· सङ्घीय, प्रदेश तथा स्थानीय प्रशासनबीच प्रभावकारी अन्तर्सम्बन्ध कायम गर्न, योग्यता आधारित प्रणाली स्थापित गर्न, अनावश्यक तथा कार्यगत दोहोरोपन हटाउन र प्रतिस्पर्धामा आधारित सार्वजनिक प्रशासनको पुनर्संरचना गर्न उच्चस्तरीय प्रशासन संरचना पुनरावलोकन आयोग गठन गरिनेछ ।

· कार्यसम्पादन सम्झौतामा आधारित स्पष्ट तथा पारदर्शी मूल्यांकन प्रणाली लागू गरिनेछ ।

· प्रशासनलाई राजनीतिक दबाब, आग्रह तथा पूर्वाग्रहबाट मुक्त राख्न प्रमुख प्रशासकहरू (मुख्य सचिव, सचिव आदि) को स्थायित्व सुनिश्चित गरी नियुक्ति, सरुवा तथा बढुवामा स्पष्ट मापदण्ड तोकिनेछ ।

· राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वको कार्यक्षेत्र तथा अधिकार कानुनद्वारा स्पष्ट रूपमा परिभाषित गरिनेछ ।

# अध्याय ३



# आर्थिक सुधारको नयाँ चरण समाजवादका अधार निर्माण

## १. आर्थिक सुधारको नयाँ चरण किन ?

नेपालको संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गरेको सन्दर्भमा, बदलिँदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परिवेश, आन्तरिक संरचनागत कमजोरी र गहिरिँदो असमानताका बीच पुरानै नीतिगत ढाँचामा निरन्तरता दिनु अब न व्यवहारिक छ, न औचित्यपूर्ण । त्यसैले उत्पादन वृद्धि, रोजगारी सिर्जना, वित्तीय समावेशीता र आत्मनिर्भरतामार्फत सामाजिक न्यायसहितको आर्थिक समृद्धिलाई केन्द्रमा राख्ने नयाँ चरणको बृहत् र संरचनागत आर्थिक सुधार आजको ऐतिहासिक आवश्यकता बनेको छ ।

## नयाँ चरणको आर्थिक सुधारका उद्देश्यहरू

- प्राकृतिक स्रोतहरूको विवेकशील, दिगो र उत्पादनमुखी उपयोग, स्वदेशी र वैदेशिक लगानीमा वृद्धि, सामूहिकता र सहकारितामा आधारित उत्पादन प्रणालीको विकास र विस्तार, स्रोतसाधनको दक्षतापूर्ण विनियोजन, खर्च क्षमतामा उल्लेख्य वृद्धि, उत्पादन तथा रोजगारी वृद्धि, समावेशी विकास र वैकल्पिक वित्त परिचालनमार्फत आगामी पाँच वर्षभित्र (दोहोरो अंकको) १० प्रतिशतभन्दा माथिको आर्थिक वृद्धिदर हासिल गर्ने ।
- स्रोत–साधनको प्रभावकारी परिचालनमार्फत आर्थिक तथा सामाजिक असमानता न्यूनीकरण गर्दै पाँच वर्षमा हालको बहुआयामिक गरिबीको दर २०.१५ प्रतिशतबाट घटाएर ५ प्रतिशतमा झार्ने ।
- · राज्य संरक्षित कृषि र औद्योगिकीकरणको नीतिमार्फत कृषि तथा उद्योगलगायत उत्पादनका क्षेत्रहरूलाई संरक्षण र प्रवर्द्धन गर्ने ।
- उत्पादनमुखी, निर्यात प्रवर्द्धन तथा आत्मनिर्भर अर्थतन्त्र निर्माण गरी आयात निर्भरता क्रमशः न्यूनीकरण गर्ने ।
- स्वदेशी निजी क्षेत्रको लगानी क्षमता अभिवृद्धि गर्दै वैदेशिक लगानीलाई उत्पादन, प्रविधि हस्तान्तरण र रोजगारी सिर्जनासँग जोड्दै वृद्धि गर्ने ।
- कृषि, उद्योग, पर्यटन, ऊर्जा, सूचना प्रविधि र सेवा क्षेत्रमा उत्पादन तथा रोजगारीमा ठोस वृद्धि हासिल गर्ने ।
- प्राकृतिक स्रोतको विवेकशील उपयोग गर्दै हरित तथा डिजिटल अर्थतन्त्रको जग बसाल्ने ।
- निजी, सहकारी र सार्वजनिक क्षेत्रबीच सन्तुलित तथा पूरक विकासको मोडलमार्फत समाजवाद उन्मुख अर्थतन्त्रको ठोस आधार तयार पार्ने ।
- सम्भाव्यताका आधारमा प्रत्येक प्रदेशलाई एक विशिष्ट आर्थिक क्रियाकलापको क्षेत्रको रूपमा विकास गर्ने ।

## प्राथमिकता क्षेत्रहरू

| कस | क्षेत्र | रणनीति |
|---|---|---|
| १ | **कृषि तथा ग्रामीण अर्थतन्त्र रूपान्तरण** | व्यावसायिक तथा सामूहिक खेती, उन्नत प्रविधि, सिंचाइ तथा बजार सुनिश्चितता। खाद्यमा पूर्ण निर्भरता, प्राकृतिक श्रोत (५ ज) को विवेकपूर्ण उपयोग । |
| २ | **ऊर्जा तथा पूर्वाधार विकास** | जलविद्युत्, नवीकरणीय ऊर्जा तथा एकीकृत कोरिडोर निर्माण । |
| ३ | **औद्योगिक तथा उद्यमशीलता प्रवर्द्धन** | स्वदेशी उद्योग, नवप्रवर्तन- स्टार्टअप, साना तथा मझौला उद्यमलाई प्रोत्साहन, प्रादेशिक विशिष्ट आर्थिक अभियान |
| ४ | **सूचना प्रविधि तथा डिजिटल अर्थतन्त्र** | डिजिटल पूर्वाधार, ई-कमर्स तथा आईटी उद्योग विकास, नीतिगत सुधार। |
| ५ | **पर्यटन तथा सेवा क्षेत्रको गुणस्तरीय विकास** | साहसिक, सांस्कृतिक तथा पर्यावरणीय पर्यटन प्रवर्द्धन। |
| ६ | **सामाजिक क्षेत्र** | शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा समावेशी विकासमा लगानी । |

## नयाँ चरणको आर्थिक सुधारका प्रमुख कार्यक्रमहरू

**१. उत्पादनमूलक रोजगारी**

· सार्वजनिक तथा निजी स्वामित्वको बाँझो जमिन, नदी–नाला, वन, खनिज र जैविक स्रोतलाई उत्पादनमूलक रूपमा उपयोग गरी युवा जनशक्तिलाई स्वदेशमै रोजगारी उपलब्ध गराइनेछ ।

· जनसांख्यिक लाभको उच्च उपयोग गर्ने गरी प्रतिवर्ष १ लाख ५० हजार अतिरिक्त रोजगारी थप गरी वार्षिक ५ लाख रोजगारी सुनिश्चित गरिनेछ ।

· विदेशमा रहेका जनशक्तिको ज्ञान, सीप, अनुभव र पूँजीलाई रोजगारी–स्वरोजगारी तथा लगानीका लागि अनुकूल वातावरण बनाउन रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा १ लाख (एक लाख) रिटर्नीहरूलाई उद्यमी बनाइनेछ ।

· विपन्नको इलम र सीप: पूँजी र उद्यमका लागि सरकारको साथ कार्यक्रम सञ्चालन गरिनेछ ।

· विपन्न, पिछडिएका र सीमान्तकृत समुदायका लागि विशेष रोजगारी कार्यक्रम लागू गरिनेछ ।

**२. निजी क्षेत्र प्रवर्द्धन र साझेदारी**

· निजी लगानी प्रवर्द्धन र सुरक्षा सुनिश्चित गर्न विधि, संरचना र प्रक्रिया सरल बनाइनेछ; प्रभावकारी एकद्वार प्रणालीबाट सेवा उपलब्ध गराइनेछ ।

· सङ्घ, प्रदेश र स्थानीय तहले निजी क्षेत्रसँग साझेदारीमा पूर्वाधार निर्माण, उद्योग स्थापना र बजार व्यवस्थापन गर्नेछन् ।

· बजारमा प्रतिस्पर्धा प्रवर्द्धन गर्दै सिन्डिकेट हटाइनेछ र समान खेल मैदान (Level Playing Field) सुनिश्चित गरिनेछ ।

· निजी क्षेत्रको मनोबल उच्च राख्न कानुनी सुधार गरी स्वदेशी–वैदेशिक लगानी प्रोत्साहनमार्फत वैदेशिक लगानी बढाइनेछ ।

· निजी क्षेत्रको सहकार्यमा Excellence Center, Incubation Center, Export House सञ्चालन गरिनेछ ।

***३. सामूहिकता र सहकारिता***

· स–साना भूमिमा खेतीपाती र पशुपन्छी पालन गर्ने किसान परिवारको जमिन एकीकृत गरी ठूला कृषि, पशुपन्छी र जडीबुटी फार्म सञ्चालन गरिनेछ ।

· उत्पादन उद्योग, पर्यटन र सूचना–प्रविधिमा सहकारी/सामूहिक कम्पनी स्थापना र सञ्चालन प्रोत्साहित गरिनेछ ।

· उत्पादनमूलक उद्योगमा नमुना परियोजना सञ्चालन गर्न तिनै तहका सरकारले लगानी गर्नेछन् ।

· अर्थतन्त्रका तीन खम्बालाई सुदृढ गर्दै सामुदायिक क्षेत्रलाई चौथो खम्बा बनाइनेछ ।

***४. अर्थतन्त्रको पुनर्संरचना***

· उत्पादन लागत कम गर्ने नीति तथा संरचनात्मक सुधार गरिनेछ । स्वदेशी उत्पादन मूल्य प्रतिस्पर्धी बनाइनेछ ।

· अर्थतन्त्रलाई डिजिटल बनाइनेछ; पहुँच, गति, पारदर्शिता र लागत दक्षता सुधारिनेछ ।

· अवैध कारोबार नियन्त्रण गर्दै अनौपचारिक क्षेत्रलाई समावेशी रोजगारी र सामाजिक सुरक्षासँग जोडिनेछ ।

· कृषि र उद्योग क्षेत्रको विकासबाट उत्पादन र रोजगारी बढाइनेछ; आयात प्रतिस्थापन र निर्यात वृद्धि गरिनेछ ।

· खाद्यान्नलगायत रणनीतिक वस्तु तथा सेवामा आत्मनिर्भरता सुनिश्चित गरिनेछ ।

· व्यापार घाटालाई नियन्त्रणमा ल्याउन प्रतिस्पर्धात्मक लाभका उच्च मूल्यका वस्तुहरूको उत्पादन बढाई निर्यात बढाउने, वैदेशिक व्यापारको देशगत विविधीकरण गर्ने, निश्चित उत्पादनहरूमा केन्द्रित रही सरकारी, निजी तथा सहकारी क्षेत्रको एकल र साझेदारीमा निर्यातजन्य वस्तु उत्पादन गर्ने उद्योग खोल्ने तथा सबै मुख्य नाकाहरूमा आधुनिक सुविधायुक्त क्वारेन्टाइन प्रयोगशाला स्थापना गरिनेछ ।

### ***५. सामाजिक क्षेत्रमा लगानी***

· गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न लगानी बढाइनेछ ।

· सामुदायिक विद्यालयको गुणस्तर सुधार गरिनेछ । स्वास्थ्य पूर्वाधार, दक्ष जनशक्ति, औषधि–उपकरण उपलब्ध बढाइनेछ ।

· शिक्षा र स्वास्थ्यलाई सेवामुलक व्यवसायमा विकसित गरिनेछ । विशिष्टकृत सेवामा नीजि क्षेत्रको लगानी आकर्षित गरिनेछ ।

६. प्राकृतिक स्रोत–साधनको विवेकपूर्ण उपयोग

· जमिन, जल, जंगल र खनिजको विवेकसम्मत प्रयोग गरिनेछ ।

· वनको पूर्ण उपयोग गरी गुणस्तर अभिवृद्धि गर्दै पुनर्विकास (Reforestation) गरिनेछ ।

· ढुङ्गा, मार्बल, ग्रेनाइटलगायत खानी स्थापना, व्यवस्थित उत्खनन, प्रयोग र निर्यात गरिनेछ ।

· स्रोत–साधनलाई उत्पादन, रोजगारी र गरिबी निवारण सँग जोडिनेछ ।

### ***७. सङ्घीय प्रणालीको प्रभावकारी प्रयोग***

· सङ्घीयता कार्यान्वयनका लागि आवश्यक कानून निर्माण गरिनेछ ।

· प्रत्येक प्रदेशमा विशेषतामा आधारित औद्योगिक र कृषि करिडोर निर्माण गरिनेछ ।

· हालसम्म निर्मित पूर्वाधारको सदुपयोग गर्दै तीनै तहका सरकारको सहकार्यमा उत्पादन, रोजगारी, गुणस्तरीय शिक्षा–स्वास्थ्य सेवा र सार्वजनिक सेवा प्रवाह नयाँ स्तरमा पुऱ्याउने नयाँ मोडेल लागू गरिनेछ ।

## २ वित्तीय क्षेत्रको सुधार

नेपालमा वित्तीय क्षेत्रको साधनको ठूलो हिस्सा सीमित घरानाले मात्र उपभोग गर्ने, आम जनसाधारणको कर्जा, बीमा र पुँजीबजारसम्म पहुँच नहुने, अनौपचारिक र अवैध वित्तीय कारोबार ठूलो परिमाणमा हुने र वित्तीय स्रोतसाधनको ठूलो अंश उत्पादनमूलक परियोजना निर्माण र उद्योग सञ्चालनमा भन्दा आयात व्यापार र अन्य अनुत्पादक कारोबारमा केन्द्रित हुने अवस्था विद्यमान छ । पछिल्लो समयमा देशमा उत्पादन र रोजगारी बढाउन उपयोग हुनुपर्ने खर्बौंको रकम बैंकमा प्रयोगविहीन अवस्थामा रहेको छ । यसमा सुधार गर्ने निम्न कार्यहरू अघि बढाइनेछः

· बैंकहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने,

· जनसाधारणबाट सङ्कलित निक्षेपको उपयोग सीमित घरानाले मात्र गर्ने अवस्था हटाउन मझौला र साना कर्जाको लक्ष निर्धारण गर्ने व्यवस्था गर्ने,

· वित्तीय प्रणालीमा सुशासन प्रवर्द्धन गर्न नीति–नियमहरू कडाइका साथ पालना गराउने र पालना नगर्नेहरूलाई कडा सजाय र जरिवानाको व्यवस्था गर्ने ।

· हरेक स्थानीय तहमा सहजरूपमा बीमा सेवा उपलब्ध हुने व्यवस्था गर्ने,

· पुँजी बजारमा सर्वसाधारणको पहुँच र सहभागिता बढाउने,

· बचत तथा ऋण सहकारीको प्रभावकारी सुपरिवेक्षणको व्यवस्था गर्ने,

· सहकारी क्षेत्रको पुनरुत्थानको लागि संक्रमण प्रभाव (Contagion effect) बाट प्रभावित भई कार्य सञ्चालन सुचारु हुन नसकेका असल सहकारी संस्थाहरूको निमित्त बचतकर्ताहरूको कम्तीमा पनि तोकिएको न्यूनतम साँवा फिर्ता पाउने प्रत्याभूति सहितको विशेष पुनरुत्थान प्याकेज कार्यान्वयनमा ल्याइनेछ ।

· फिनटेकको अवधारणाअनुरूप वित्तीय सेवा तथा प्रणालीलाई सजिलो, छरितो, पहुँचयोग्य, पारदर्शी र सस्तो बनाउन परम्परागत बैंकिङ, बीमा, लगानी, कारोबार, ऋण, बचत र भुक्तानी प्रणालीलाई डिजिटल माध्यमबाट सरल र स्मार्ट बनाइनेछ ।

## ३ क्षेत्रगत प्रतिवद्धताहरु

### *क. कृषि तथा ग्रामीण अर्थतन्त्र रूपान्तरण*

देशलाई अत्यावश्यक खाद्यान्न लगायतका रणनीतिक महत्वका कृषिजन्य वस्तुहरूमा आत्मनिर्भर बनाई आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न तथा व्यापक रोजगारी–स्वरोजगारीको अवसर सिर्जना गर्न कृषि क्षेत्रमा आमूल सुधार आवश्यक छ ।

### क. कृषि तथा ग्रामीण अर्थतन्त्र रूपान्तरण र किसान अधिकार

#### १. कृषिमा लगानी, संस्थागत सुधार र किसान अधिकार

- १ वर्षभित्र एकीकृत कृषि ऐन र किसान अधिकार ऐन बनाई लागू गरिनेछ ।
- आगामी दशकलाई “कृषि लगानी दशक” घोषणा गरी सरकारी, निजी, सहकारी तथा दातृ निकायको सहभागितामा लगानी वृद्धि गरिनेछ ।
- उत्पादन र स्वामित्वका आधारमा किसान वर्गीकरण गरी १ वर्षभित्र सबै किसानलाई परिचयपत्र वितरण गरिनेछ ।
- नीति निर्माणमा किसानको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न राष्ट्रिय किसान आयोग सुदृढ गरिनेछ ।
- कृषि मन्त्रालय तथा मातहत निकायहरूको पुनर्संरचना गरी सङ्घीय संरचनाअनुकूल बनाइनेछ ।
- दीर्घकालीन कृषि रणनीति किसान सहभागितामा पुनर्लेखन गरी लागू गरिनेछ ।
- सङ्घीय तहले अनुसन्धान, बीउ विकास, जनशक्ति व्यवस्थापन तथा प्राविधिक सेवा प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्दै एकीकृत कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन, अनुदान र सहयोग प्रदान गरिनेछ ।
- सबै स्थानीय तहमा एकीकृत कृषि सेवा केन्द्र र प्रयोगशाला स्थापना गरी प्रत्येक वडामा कम्तीमा एक कृषि तथा एक पशु प्राविधिक राखिनेछ ।
- कृषि श्रमिकका लागि न्यूनतम ज्याला, सामाजिक सुरक्षा र बीमा प्रभावकारी बनाइनेछ ।

- बाढी, खडेरी, असिना, महामारीजस्ता जोखिमबाट संरक्षण गर्न राष्ट्रिय कृषि विपद् कोष स्थापना गरिनेछ ।
- नियमित कृषि जनगणना गरी डिजिटल किसान डाटाबेस निर्माण गरिनेछ ।
- अनुदान, बीमा, न्यूनतम समर्थन मूल्य तथा बजार सूचना प्रणाली डिजिटल, पारदर्शी र जवाफदेही बनाइनेछ । अनुदान दुरुपयोगमा कडा कारबाही गरिनेछ ।
- जोताहा तथा करार खेती गर्ने किसानका अधिकार संरक्षणका लागि कानुनी व्यवस्था लागू गरिनेछ ।
- नवप्रवर्तन, जलवायु अनुकूलन र किसान–केन्द्रित अनुसन्धानलाई प्राथमिकता दिई नेपाल कृषि अनुसन्धान परिषद् पुनर्संरचना गरिनेछ ।
- पशुपन्छी खोप अनुसन्धानलाई प्राथमिकता दिई स्वदेशमै लम्पी स्किन खोप उत्पादन र वितरण गरिनेछ ।
- घरपालुवा तथा छाडा पशुपन्छीमा खोप र ट्यागिङ गरी खोरेत र रेबिज उन्मूलन गरिनेछ ।

## २. आत्मनिर्भरता तथा उत्पादन वृद्धि

- स्थानीय तहमा आधारभूत खाद्य वस्तुको माग–आपूर्ति तथ्यांक सङ्कलन गरी भूउपयोग योजना र उत्पादन कार्यक्रम लागू गरिनेछ ।
- धान, गहुँ, मकै, तरकारी, फलफूल, उखु, दूध, मासु, मत्स्यमा २ वर्षभित्र आत्मनिर्भरता हासिल गरिनेछ; ५ वर्षभित्र अन्य क्षेत्र विस्तार गरिनेछ ।
- बीउ, उन्नत नश्ल, दाना, खोप, औषधि स्वदेशमै उत्पादन गर्न स्रोत केन्द्र स्थापना तथा विस्तार गरिनेछ ।
- कृषियोग्य जमिन संरक्षण, बाँझो सदुपयोग, चक्लाबन्दी, सामूहिक/करार/सहकारी खेतीमा सहुलियत कर्जा, अनुदान र प्राविधिक सहयोग दिइनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पुनर्संरचना गरी किसान माग, उत्पादन सम्भाव्यता र बजारमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।
- उखु खेती प्रवर्द्धन गरी चिनीमा आत्मनिर्भरता कायम गरिनेछ; भुक्तानी र अनुदान १ महिनाभित्र उपलब्ध गराइनेछ ।
- सातै प्रदेशमा दुग्ध विकास बोर्ड गठन गरी दूध बिक्री र अनुदान १ महिनाभित्र उपलब्ध गराइनेछ ।
- स्वदेशी माछा तथा भूरा उत्पादन र बजार प्रवर्द्धनका लागि अनुदानसहित विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- हरेक स्थानीय तहमा सामुदायिक बीउ बैंक स्थापना गरी स्वदेशी/रैथाने बीउ संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- स्वदेशी उन्नत बीउ उत्पादन, प्रशोधन, प्याकेजिङ र बजारीकरणमा अनुदान प्राथमिकता दिइनेछ ।
- शीतभण्डार, दूध चिस्यान केन्द्र, माछापालन तथा ह्याचरीमा प्रयोग हुने विद्युतमा अनुदान दिइनेछ ।

## ३. क्षेत्र विशेष तथा पूर्वाधार विकास

- तराईमा सुगन्धित/मसिनो धान, प्याज, तेलहन, दूध, मासु उत्पादन तथा निर्यात प्रवर्द्धन गरिनेछ ।
- पहाड–हिमालमा भेडा/बाख्रा/च्याङ्ग्रा/चौँरी पालन, स्याउ, ओखर, जडीबुटी खेतीका लागि “हिमाल समृद्धि कार्यक्रम” सञ्चालन गरिनेछ ।
- जडीबुटी व्यावसायिक खेती, प्रशोधन र निर्यात प्रवर्द्धन गरी सामुदायिक वनमा लिज उपलब्ध गराइनेछ ।
- औषधीय प्रयोजनका लागि गाँजा नियन्त्रित उत्पादन सम्भाव्यता अध्ययन गरी कानुनी व्यवस्था मिलाइनेछ ।
- हुलाकी राजमार्ग तथा मध्यपहाडी लोकमार्ग आसपास व्यावसायिक कृषि–खाद्य प्रशोधन करिडोर विकास गरिनेछ ।
- सातै प्रदेशमा कृषि औद्योगिक पार्क स्थापना गरी उत्पादन, प्रशोधन, अनुसन्धान र सीप विकास केन्द्र सञ्चालन गरिनेछ ।
- वडास्तरमा युवा कृषकसँग साझेदारीमा नमूना फार्म तथा सिकाइ केन्द्र स्थापना गरिनेछ ।

## ४. बजार, मूल्य तथा बजारीकरण

- उत्पादन सुरु हुनुअघि नै न्यूनतम समर्थन मूल्य निर्धारण गरी अग्रिम खरिद सम्झौता लागू गरिनेछ; बजार मूल्य किसानले तोक्ने व्यवस्था मिलाइनेछ ।
- डिजिटल एपमार्फत फार्मबाटै उपज सङ्कलन तथा खरिद–बिक्री गरिनेछ ।
- सात प्रदेशमा कम्तीमा एक–एक शीतभण्डार र बहुस्तरीय कृषि थोकबजार निर्माण गरिनेछ ।
- बजार सूचना प्रणाली विस्तार गरी आयातित खाद्यान्न/तरकारीमा विषादी परीक्षण दायरा बढाइनेछ ।
- उद्योगलाई आवश्यक कच्चा पदार्थ स्वदेशमै उत्पादन गर्न दीर्घकालीन खरिद–आपूर्ति सम्झौता गराइनेछ ।

## ५. मल, माटो, सिँचाइ र प्रविधि

- रासायनिक मल कारखाना सम्भाव्यता अध्ययन गरी प्रदेश/स्थानीय तहमा प्राङ्गारिक मल उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।
- हरेक किसानलाई माटो स्वास्थ्य कार्ड वितरण गरी प्राविधिक सेवा उपलब्ध गराइनेछ ।
- स्वदेशी कृषि औजार/मेशिनरी उत्पादन तथा मर्मत केन्द्र स्थापना गरिनेछ ।
- सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाइ विस्तार गरी परम्परागत कुलो संरक्षण, सोलार/लिफ्ट सिँचाइ प्रवर्द्धन गरिनेछ ।

## ६. कृषि बीमा, किसान सुविधा तथा सामाजिक सुरक्षा

- योगदानमा आधारित किसान पेन्सन तथा सम्मान कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- साना, गरिब, भूमिहीन दलित, सुकुम्बासी र पारिवारिक किसानलाई प्राथमिकता दिई हित संरक्षण गरिनेछ ।
- किसान परिचयपत्रका आधारमा वास्तविक किसानलाई मात्र अनुदान, ऋण, सेवा, सुविधा र सामाजिक सुरक्षा प्रदान गरिनेछ ।
- कृषि, पशुपन्छी तथा मत्स्य बीमालाई सूचना प्रविधिमा आधारित बनाई दायरा विस्तार गरिनेछ; ग्रामीण/कम लाभ क्षेत्रमा बीमा अस्वीकार गर्ने कम्पनीलाई कारबाही गरिनेछ ।
- बीमा प्रिमियम अनुदानलाई समयानुकूल बनाइनेछ; भूमिहीन दलित, सुकुम्बासी र गरिब किसानको प्रिमियम शुल्क राज्यले बेहोर्नेछ ।

## ७. खाद्य सम्प्रभुता, पोषण र भोकमुक्त नेपाल

- सम्पूर्ण नागरिकको खाद्य अधिकार र खाद्य सम्प्रभुता सुनिश्चित गरिनेछ ।
- २ वर्षभित्र देशलाई भोकमुक्त (Zero Hunger) नेपाल घोषणा गरिनेछ ।
- खाद्य अभाव, कुपोषण वा अल्पपोषणको अवस्था अन्त्य गरिनेछ ।
- विद्यालय खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोडेर पोषण सुरक्षा अभिवृद्धि गरिनेछ ।
- गर्भवती, सुत्केरी, बालबालिका र वृद्धवृद्धालक्षित पोषण कार्यक्रम प्रभावकारी बनाइनेछ ।

## ८. वातावरणीय, प्राङ्गारिक तथा जलवायु अनुकूल कृषि

- जैविक विविधतामा आधारित प्राङ्गारिक, वातावरणमैत्री र जलवायु अनुकूल कृषि प्रणालीलाई राष्ट्रिय प्राथमिकता दिइनेछ ।
- उत्पादन वृद्धिसहित देशलाई प्राङ्गारिक मुलुक घोषणा गरिनेछ ।
- हानिकारक रासायनिक विषादी नियन्त्रण गरी जैविक विविधता र रैथाने बाली संरक्षण गरिनेछ ।
- जनस्वास्थ्य र जैविक सुरक्षाका आधारमा GMO बाली प्रयोगमा प्रतिबन्ध कायम गरिनेछ ।

## ९. महिला र युवा किसान लक्षित कार्यक्रम

- महिला किसानको स्वामित्व, प्रविधि पहुँच र निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गरिनेछ ।

- युवालाई कृषिमा आकर्षित गर्न तालिम, उद्यम, अनुदान र आधुनिक प्रविधिमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा तथा महिलामैत्री कृषि प्रविधि र यन्त्र विकास तथा उपयोगमा जोड दिइनेछ ।

## १०. कृषि वन र जडीबुटी

- कृषि वनलाई प्राथमिकता दिई जैविक विविधता संरक्षण र कृषि पर्यटन प्रवर्द्धन गरिनेछ ।
- वन्यजन्तुलाई वनमै राख्ने वातावरण सिर्जना गरी बालीमा क्षति क्रमशः अन्त्य गरिनेछ ।
- वन्यजन्तुबाट हुने बाली तथा पशुपन्छी क्षतिमा शीघ्र र न्यायोचित क्षतिपूर्ति उपलब्ध गराइनेछ ।

## *ख. उत्पादन र रोजगारीका लागि न्यायपूर्ण भूमि व्यवस्था*

- सम्पूर्ण नागरिकको भूमि अधिकार सुनिश्चित गरी २ वर्षभित्र भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण गरेर नेपाललाई भूमिहीनता तथा सुकुम्बासीमुक्त घोषणा गरिनेछ ।
- आवश्यक जनशक्ति थप गरी भूमि, वन र निकुञ्ज सम्बन्धी कानुन ६ महिनाभित्र जनमुखी ढङ्गले संशोधन गरिनेछ ।
- **“जबर्जस्ती उठिबास होइन, सम्मानजनक पुनर्स्थापना”** जोखिमयुक्त क्षेत्रका भूमिहीन दलित र सुकुम्बासीलाई सम्मानजनक स्थानान्तरण र पुनर्स्थापना गरिनेछ ।
- वन, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र, गौचरन, घोल, खोल्सी आदिमा बसोबासीलाई कानुनी रूपमा सम्बोधन गरिनेछ ।
- ठूला आयोजना, संरक्षित क्षेत्र तथा प्राकृतिक विपद्बाट जमिन गुमाएकालाई क्षतिपूर्तिसहित सट्टा जमिन उपलब्ध गराइनेछ ।
- समग्र भूमि सुधार कार्यक्रम लागू गरी भूमि सुधारलाई उत्पादन र रोजगारीसँग जोडिनेछ । कृषिमा प्रत्यक्ष संलग्न किसानलाई सम्मानजनक जीविकोपार्जनयोग्य खेतीयोग्य जमिन उपलब्ध गराइनेछ ।
- दोहोरो तथा अनुपस्थित भूस्वामित्व अन्त्य गरी एकीकृत भूमि ऐन, गुठी ऐन र कृषि ऐन प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- खेती भइरहेको गुठी जग्गा जोताहा किसानको नाममा रैतानीमा परिणत गरिनेछ ।
- भूमि प्रशासनको वैज्ञानिकीकरण र स्थानीयकरण गरी सबै जग्गा सम्बन्धी सेवा स्थानीय तहबाट उपलब्ध गराइनेछ ।
- सङ्घीय भूउपयोग योजना कडाइका साथ कार्यान्वयन गरी सबै स्थानीय तहमा भूउपयोग योजना तर्जुमा र लागू गरिनेछ । कृषि भूमिको गैर–कृषि उपयोग र बाँझो राख्न निषेध गरिनेछ ।
- चेपाङ, कुसुन्डा, राजी लगायत लोपोन्मुख आदिवासी समुदायको परम्परागत सामुदायिक भूक्षेत्रमा सामूहिक अधिकार स्थापित गरिनेछ ।
- जग्गाको न्यायोचित हदबन्दी कडाइका साथ लागू गरी बढी जमिन अधिग्रहण गरेर श्रम गर्ने परिवारलाई वितरण गरिनेछ । लुकाइएका जमिन सार्वजनिक प्रयोजनमा ल्याइनेछ ।
- हरवाचरवा, मुक्त कमैया, कमलरी, हलिया जस्ता सामन्ती अवशेष पूर्ण रूपमा अन्त्य गरी बाँकी सबैलाई भूमिसहित पुनर्स्थापना गरिनेछ ।
- चुरे क्षेत्रका किसानलाई भोगचलनको आधारमा जग्गा दर्ता गरी पुर्जा उपलब्ध गराइनेछ ।
- बिर्ता, गुठी, मोही, स्ववासी, बेनिस्सा, उखडा, बाल बिटौली जस्ता समस्या दिगो रूपमा समाधान गरिनेछ ।
- उपयोगविहीन निजी, सरकारी र संस्थागत जमिन स्थानीय तहको अभिलेखमा राखी भूमिहीन र साना किसानलाई कम्तीमा १० वर्षका लागि करार खेतीमा उपलब्ध गराइनेछ ।
- महिलाको एकल तथा संयुक्त जग्गाधनी पुर्जा प्रोत्साहन गरी यस्ता परिवारलाई कृषि, उद्यम र रोजगारी कार्यक्रममा विशेष प्राथमिकता दिइनेछ ।
- किसान परिचयपत्रका आधारमा कृषि भूमि, अनुदान, सहुलियत ऋण, बीमा र सामाजिक सुरक्षामा पहुँच सुनिश्चित गरिनेछ ।
- भूमिहीन, साना र गरिब किसानलाई बिना धितो, कम ब्याजदरमा सामूहिक जमानीमा कृषि ऋण उपलब्ध गराइनेछ ।

- समुदायस्तरीय खाद्य बैंक तथा भण्डारण प्रणाली विकास गरिनेछ ।

### *ग. सिँचाइ व्यवस्था*

- आगामी ५ वर्षभित्र ८०% सिँचाइयोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गरी कुल कृषियोग्य भूमिको ६०% मा पहुँच पुऱ्याइनेछ ।
- पहाडमा लिफ्ट सिँचाइ र तराईमा पम्प सिँचाइ प्रवर्द्धन गरी किसान परिवारलाई ५०% र समूह/सहकारीलाई ६०% विद्युत अनुदान प्रदान गरिनेछ ।
- पहाडी तथा हिमाली क्षेत्रका जलासय तथा पोखरी निर्माण - नदी छेउका कृषियोग्य टारमा लिफ्ट सिँचाइ प्रणालीबाट सुविधा उपलब्ध गराइनेछ ।
- तराई–मधेसमा हाल ४,२८० सोलार सिँचाइ पम्प रहेकोमा ५ वर्षभित्र १०,००० पु¥याउने लक्ष्य राखिनेछ ।
- किसान परिवारलाई विद्युत अनुदान प्रदान गरी समूह/सहकारीलाई थप सहुलियतसहित प्रदेश र स्थानीय तहको सहकार्यमा व्यवस्था मिलाइनेछ ।
- पूर्व–पश्चिम राजमार्गसँग समानान्तर नदी पथान्तरण तथा नहर निर्माणको बृहत् आयोजना सुरु गरिनेछ ।
- राष्ट्रिय गौरवका बहुउद्देश्यीय आयोजना (सिक्टा, बबई, रानी–जमरा–कुलरिया, महाकाली–तेस्रो, भेरी–बबई डाइभर्सन, सुनकोशी–मरिन डाइभर्सन) समयबद्ध रूपमा सम्पन्न गरिनेछ ।
- भूमिगत जलस्रोतमा आधारित नवीन यान्त्रिक तथा भूमिगत जल सिँचाइ आयोजना सुरु गरिनेछ ।
- कर्णाली प्रदेशमा एकीकृत कर्णाली सिँचाइ विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ ।

### *ख. औद्योगिक विकास*

· स्वदेशी तथा वैदेशिक लगानी आकर्षण गर्दै एआई–आधारित स्मार्ट म्यानुफ्याक्चरिङ विकास गरिनेछ ।

· निजी क्षेत्रको मनोबल अभिवृद्धिका लागि लगानी सुरक्षा, कडा कानुनी व्यवस्था र औद्योगिक सुरक्षाबल गठन गरिनेछ । · स्वदेशमै उपलब्ध कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्दै सङ्घ, प्रदेश र स्थानीय तहको लगानी सहकार्य विस्तार गरिनेछ ।

· कृषि, पर्यटन, जलस्रोत र आईटी क्षेत्रमा तुलनात्मक लाभका उद्योगलाई प्राथमिकता दिँदै जडीबुटी, औषधि, खनिज, वन, कृषिजन्य र परम्परागत उद्योग विस्तार गरिनेछ ।

· आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने उद्योगलाई विशेष सुविधा दिइनेछ ।

· ग्रामीण लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्दै साना–मझौला उद्योगलाई स्तरोन्नति गरिनेछ र इन्क्युबेशन सेन्टर स्थापना गरिनेछ ।

· नवप्रवर्तनशील, निर्यातमुखी र ग्रामीण आत्मनिर्भरता बढाउने उद्योगमा ब्याज अनुदान प्रदान गरिनेछ ।

· सार्वजनिक–निजी साझेदारीमा औद्योगिक क्षेत्र विकास गर्दै स्वदेशी, गैरआवासीय नेपाली र वैदेशिक लगानीकर्ता आमन्त्रित गरिनेछ ।

· नेपाली काठमा आधारित फर्निचर उद्योग स्थापना र निर्यातका लागि अन्तर्राष्ट्रिय ब्रान्डलाई आमन्त्रण गरिनेछ ।

· उखु कृषकको सामूहिक लगानीमा चिनी उद्योगको पाइलट परियोजना सञ्चालन गरिनेछ ।

· उद्योग स्थापना, सञ्चालन र बन्द गर्ने प्रक्रिया सरलीकृत गर्दै नेपाललाई दक्षिण एशियाकै आकर्षक लगानी गन्तव्य बनाइनेछ ।

· नेपाली उत्पादन र सेवाको अन्तर्राष्ट्रिय ब्रान्ड र ट्रेडमार्क प्रवर्द्धन गरिनेछ ।

· स्वदेशी उद्योगको प्रतिस्पर्धाका लागि कच्चा पदार्थमा न्यून भन्सार दर कायम गरिनेछ र अवैध आयात कडाइका साथ नियन्त्रण गरिनेछ ।

· औद्योगिक दक्ष जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षा, सीप तालिम र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

### *ङ: उद्यमशीलता विकास तथा श्रम र रोजगारी नीति*

आर्थिक रूपान्तरणको मुख्य आधारका रूपमा उद्यमशीलता तथा श्रम क्षेत्रलाई प्राथमिकता दिई समावेशी, दिगो तथा रोजगारमुखी विकास सुनिश्चित गर्नेछ । विगतका नीतिहरूबाट सिक्दै, संविधानअनुसार समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न निम्नानुसारका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

## उद्यमशीलता विकास

उद्यमशीलतालाई राष्ट्रिय प्राथमिकतामा राखी युवा, महिला, दलित, आदिवासी तथा सीमान्तकृत समुदायलाई विशेष जोड दिइनेछ । प्रदेशहरूको विशेषता अनुसार अध्ययन गरी परियोजना विकास गरिनेछ ।

1. शिल्पी उद्यमशीलता: दलित समुदायका परम्परागत सीपहरू (जस्तै लोहारकला, छाला उद्योग, निर्माण तथा हस्तकला) लाई आधुनिक व्यावसायिक रूपमा रूपान्तरण गर्न विशेष अनुदान, तालिम, प्राविधिक सहयोग तथा बजार पहुँच कार्यक्रमसहित शिल्पी उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ ।
2. दलित, अल्पसङ्ख्यक, शारीरिक अपाङ्गता भएका व्यक्तिले उत्पादन तथा रोजगारीमूलक उद्यम गर्न चाहेमा १० वर्षका लागि रु. १ करोडसम्म ऋण दिने र त्यसको ब्याज ५ प्रतिशत मात्र गरिनेछ ।
3. आदिवासी जनजाति उद्यमशीलता: आदिवासी समुदायका परम्परागत सीपहरू (जस्तै हस्तकला, चित्रकला, काष्ठकला, जडीबुटी प्रशोधन, सांस्कृतिक पर्यटन तथा स्थानीय रक्सी उत्पादन—जस्तै टोङ्बा, मदिरा) लाई व्यावसायिक बनाउन गुणस्तर नियन्त्रण, ब्रान्डिङ, निर्यात प्रवर्द्धन गरिनेछ ।
4. महिला नेतृत्वको उद्यमशीलता: महिलाहरूलाई घरेलु उद्योग, कृषि प्रशोधन, हस्तकला, आईटी तथा पर्यटन क्षेत्रमा प्रोत्साहन दिन विशेष सहुलियतपूर्ण कर्जा, तालिम, बजार सहयोग तथा मेन्टोरिङ कार्यक्रम सञ्चालन गरिनेछ । महिला उद्यमीहरूका लागि महिला उद्यम विकास कोष स्थापना गरिनेछ ।
5. स्टार्टअप तथा आईटी उद्यमलाई राष्ट्रिय प्राथमिकतामा राख्दै युवा नवप्रवर्तन र डिजिटल अर्थतन्त्रको विकास गर्न स्टार्टअप कार्यक्रमको पुनरावलोकन गरी निःशुल्क दर्ता, सुरुका ५ वर्षसम्म पूर्ण कर छुट र त्यसपछि प्रगतिशील कर सुविधा प्रदान गरिनेछ । विशेष इन्क्युबेशन केन्द्रहरू स्थापना गरी आईटी पार्कहरूको विकासमार्फत डिजिटल उद्यमशीलता प्रवर्द्धन गरिनेछ । साथै, नवप्रवर्तन तथा अनुसन्धानलाई मजबुत बनाउन इनोभेसन फन्ड स्थापना गरी युवा उद्यमीहरूलाई मेन्टोरिङ, लगानी सुरक्षा र सहयोग सुनिश्चित गरिनेछ ।
6. मेगा फूड पार्क तथा त्रिभुज परियोजना: मेगा फूड पार्कहरू स्थापना गरी कृषि प्रशोधन, निर्यात तथा रोजगारी बढाउने । गण्डकी आर्थिक त्रिभुज परियोजना (भरतपुर–बुटवल–पोखरा) मार्फत औद्योगिक कोरिडोर, पर्यटन तथा कृषि उद्यम हब विकास गरिनेछ ।
7. सामूहिक/सहकारी उद्यम प्रवर्द्धन: सामूहिकता तथा सहकारितामा आधारित उत्पादन प्रणाली विकास; कृषि, पर्यटन तथा प्रशोधन क्षेत्रमा विशेष कोष तथा तालिमको व्यवस्था गरिनेछ ।
8. प्रदेशगत उद्यमशीलता अध्ययन तथा परियोजना: सबै प्रदेशहरूको विशेषता अनुसार विस्तृत अध्ययन गरी परियोजना विकास गरिनेछ । प्रदेशहरूको वर्गीकरण निम्नानुसार:

   · कोशी प्रदेश (उद्योग तथा पर्यटन हब): चिया/कृषि प्रशोधन केन्द्र, साहसिक पर्यटन, हस्तकला उद्यम तथा पूर्वी नेपाल पर्यटन सर्किट विकास ।

· मधेश प्रदेश (कृषि तथा धार्मिक पर्यटन हब): कृषि प्रशोधन तथा धार्मिक पर्यटन सर्किट (जानकी मन्दिर, बौद्ध क्षेत्र आदि) ।

· बागमती प्रदेश (शहरी/आईटी तथा नवप्रवर्तन हब): आईटी स्टार्टअप, ई–कमर्स, नवप्रवर्तन केन्द्र तथा काठमाडौं उपत्यकामा डिजिटल अर्थतन्त्र विकास ।

· गण्डकी प्रदेश (पर्यटन तथा जलविद्युत् हब): सांस्कृतिक/साहसिक पर्यटन, व्यावसायीकरण, त्रिभुज पर्यटन परियोजना तथा जलविद्युत् विकास ।

· लुम्बिनी प्रदेश (कृषि तथा धार्मिक पर्यटन हब): मेगा फूड पार्क, कृषि प्रशोधन तथा अन्तर्राष्ट्रिय स्तरको धार्मिक पर्यटन ।

· कर्णाली प्रदेश (जडीबुटी, फलफूल तथा इको–टुरिज्म हब): जडीबुटी प्रशोधन केन्द्र, फलफूल व्यावसायिक खेती तथा इको–टुरिज्म ।

· सुदूरपश्चिम प्रदेश (धार्मिक तथा पर्यावरणीय पर्यटन र कृषि हब): पर्यावरणीय पर्यटन, धार्मिक पर्यटन, कृषि प्रशोधन तथा स्थानीय रक्सी/कृषि उत्पादन व्यावसायीकरण ।

## श्रम तथा रोजगारी नीति

श्रमिकको मर्यादा, हकहित तथा सामाजिक सुरक्षा सुनिश्चित गर्दै आन्तरिक तथा वैदेशिक रोजगारीलाई मर्यादित बनाइनेछ ।

· गन्तव्य मुलुकहरूको जनशक्ति आवश्यकताको आकलन गरी उनीहरूको सहभागिता र लगानीमा नेपालमै सीपमूलक प्रशिक्षण सञ्चालन गर्ने; वैदेशिक रोजगारीमा दक्ष तथा अर्धदक्ष जनशक्तिमात्र पठाउने व्यवस्था मिलाइनेछ ।

· वैदेशिक रोजगारीमा जानेहरूको विचौलिया शोषण पूर्ण रूपमा अन्त्य गर्न गन्तव्य मुलुकसँग श्रम सम्झौता गर्ने, न्यूनतम तलब–सुविधा तथा अधिकार सुनिश्चित गर्ने ।

· रेमिट्यान्स बैंकिङ प्रणालीमार्फत मात्र भित्र्याउने; गैर–बैंकिङ च्यानल नियन्त्रण गरी रेमिट्यान्सलाई उत्पादनमूलक लगानीमा उपयोग गर्ने उपकरण विकास गर्ने ।

· वैदेशिक रोजगारीबाट सिकेको ज्ञान, सीप, प्रविधि तथा उद्यमशीलतालाई स्वदेशमा प्रभावकारी प्रयोग गर्न रिटर्नी लक्षित विशेष कार्यक्रम सञ्चालन गरी उद्यमशीलता, मनोसामाजिक तालिम, व्यावसायिक कर्जा, प्राविधिक सेवा तथा कृषि आधुनिकीकरणमा संलग्नता गराइनेछ ।

· वैदेशिक रोजगारीमा अलपत्र/विरामी भएमा उद्धार, उपचार तथा कानुनी सहयोग सुनिश्चित गर्न दूतावासमा श्रम सहचारी नियुक्ति तथा स्रोत वृद्धि गरिनेछ ।

· मानव बेचबिखन तथा वैदेशिक रोजगारीका नाममा शोषणबाट प्रभावितको उद्धार, स्वदेश फिर्ती, पुनर्स्थापना तथा पुनर्मिलनका लागि कानुन, निर्देशिका र कार्यविधि निर्माण गरी कडाइका साथ कार्यान्वयन गरिनेछ ।

· वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा सूचना/परामर्श, कानुनी सहयोग, वित्तीय साक्षरता तथा सीप विकास तालिम उपलब्ध गराइनेछ; नेपाली श्रमिकलाई विश्व बजारमा दक्ष बनाउन उद्योग सङ्घहरूसँग साझेदारी गरिनेछ ।

· वैदेशिक श्रम कानुन परिमार्जन गरी अन्तर्राष्ट्रिय महासन्धि तथा मापदण्डको पालना सुनिश्चित गर्ने; जीटूजी सम्झौतामा जोड दिइनेछ ।

· विभिन्न बाध्यता वा अध्ययनका क्रममा देश छाडेर विदेशमा रहेका नागरिकलाई सम्बन्धित ठाउँबाटै मताधिकार दिनमिल्ने व्यवस्था मिलाइनेछ ।

· श्रमिकहरुको राष्ट्रिय तथ्याङ्क प्रकाशितगरी सोही आधारमा रोजगार नीति अवलम्वन गरिनेछ । श्रमिकहरुको ज्याला, सेवा, सुविधा वैज्ञानिक आधारमा निर्धारण गरिनेछ ।

· कृषि, पर्यटन, सूचना प्रविधि तथा कृषिमा आधारित उद्योगमा सामूहिक/सहकारी मोडेलबाट आगामी ५ वर्षमा १५ लाख मर्यादित रोजगारी सिर्जना गर्ने लक्ष्य राखिनेछ ।

· निजी क्षेत्रलाई उद्योग स्थापना सहजीकरण गर्न १००, ५०० तथा १,०००+ श्रमिक रोजगारी दिने प्रतिष्ठानलाई विशेष सुविधा (कर छुट, सहुलियत कर्जा) प्रदान गरिनेछ ।

· स्थानीय तहमार्फत बेरोजगार युवाको तथ्यांक सङ्कलन गरी सीपमूलक तालिम तथा श्रम बजारसँग आवद्धता गराइनेछ ।

· वैज्ञानिक पारिश्रमिक निर्धारण गरी प्रत्येक श्रमिकको सामाजिक सुरक्षा, स्वास्थ्य बीमा, पेन्सन तथा दुर्घटना क्षतिपूर्ति अनिवार्य गरिनेछ ।

· योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली अनिवार्य विस्तार गरी श्रम सहचारी व्यवस्था मजबुत बनाइनेछ ।

· बिना धितो बैंक खातामा आधारित लगानी तथा स्थानीय तहबाटै रोजगारीसम्बन्धी प्रक्रिया पूरा गर्ने डिजिटल प्रणाली विकास गरिनेछ ।

### *पर्यटन विकास*

नेपाल प्राकृतिक, भौगोलिक, सांस्कृतिक, सामाजिक, धार्मिक र पर्यावरणीय पर्यटकीय विविधतामा धनी देश हो । कृषिजस्तै पर्यटन समेत देशको सामाजिक–आर्थिक विकास र समृद्धिको मुख्य आधार बन्न सक्ने थुप्रै सम्भावना छन् ।

### मुख्य लक्ष्य:

1. नेपाललाई आकर्षक, सुरक्षित र पहुँचयोग्य पर्यटन गन्तव्य बनाइनेछ ।
2. स्थानीय रोजगारी सिर्जना र स्वदेशमै लगानी प्रवर्द्धन गरिनेछ ।
3. पर्यावरणीय संरक्षण, दिगो विकास र राष्ट्रिय/अन्तर्राष्ट्रिय ब्रान्डिङ गरिनेछ ।
4. कृषि, उद्योग, आईटी र पर्यटनको सन्तुलित विकास गरिनेछ ।
5. PPP मोडलमार्फत निजी क्षेत्र र राज्यको सहकार्य सुनिश्चित गरिनेछ ।

## १. स्थानीय पर्यटन प्रोफाइल र योजना

· हरेक जिल्ला/नगरपालिकामा टुरिज्म प्रोफाइल तयार गरिनेछ ।

· डिजिटल Tourism Dashboard मार्फत गन्तव्य, मार्ग, सेवाहरू र स्थानीय व्यवसायको तथ्यांक उपलब्ध गराइनेछ । · पर्यटन क्षेत्रलाई स्मार्ट, डेटा–ड्राइभन, योजना आधारित बनाई व्यवस्थित विकास गरिनेछ ।

## २. पूर्वाधार सुधार

· मुख्य स्थलमा सडक, यातायात, स्वास्थ्य, सुरक्षा र डिजिटल सेवाहरू उपलब्ध गराइनेछन् ।

· ट्रेकिङ मार्गमा सुरक्षित GPS मार्ग चिन्ह र सूचना प्रणाली लागू गरिनेछ ।

· एयरपोर्ट र विमान सेवा सुधार गरिनेछ: नेपाल एयरलाइन्स र निजी एयरलाइन्सको प्राविधिक सुधार गरिनेछ, EU ब्ल्याकलिस्ट हटाइनेछ ।

· भैरहवा र पोखरा एयरपोर्टबाट अन्तर्राष्ट्रिय उडान विस्तार गरिनेछ ।

## ३. नयाँ र विशिष्ट पर्यटन उत्पादन

· ईको–टुरिज्म, साहसिक पर्यटन, स्वास्थ्य/वेलनेस पर्यटन, जडीबुटी/हर्बल पर्यटन प्रवर्द्धन गरिनेछ ।

· १५+ हिल स्टेशन/रिसोर्ट हब—भारतीय सीमा नजिक मनोरञ्जन, वेडिङ हब र ईको–टुरिज्म क्षेत्र बनाइनेछन् ।

· कम चिनिएका हिमाली क्षेत्र (९७ peaks) खोलेर आरोहण प्रवर्द्धन गरिनेछ ।

· धार्मिक पर्यटन प्रवर्द्धन गरिनेछ: पशुपति, लुम्बिनी, जनकपुर, स्वर्गद्वारी, हलेसी, मुक्तिनाथ, उग्रतारा, ठाकुरद्वारा, बराहक्षेत्र, रिडी, देवघाट, बागलुङ कालिका, पर्वतको गुप्तेश्वर, सेतिवेणी शिला, भिमेश्वर, कालिञ्चोक, हलेसी, निगलासैनी लगायत । सिंजा सभ्यतालगायत ऐतिहासिक धरोहरको संरक्षण तथा प्रवर्धन गरिनेछ ।

· खप्तड, बडिमालिका, पाथीभरा लगायतका हरेक प्रदेशका विशिष्ट पर्यटकीय क्षेत्रको विकासका लागि विशेष पहल गरिनेछ ।

## ४. सार्वजनिक–निजी साझेदारी (PPP)

· सरकारी पूर्वाधार: सडक, बिजुली, पानी, Wi-Fi उपलब्ध गराइनेछ ।

· निजी क्षेत्रले होटल, रिसोर्ट, एड्भेन्चर सेवा र ईको–टुरिज्म सञ्चालन गर्नेछन् ।

## ५. सिजनल पर्यटन रणनीति

· वर्षभर फेस्ट, ट्रेकिङ प्याकेज, डिजिटल प्रमोशन लागू गरिनेछ ।

· मौसमी पर्यटक संख्या बढाउन off-season packages र विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

## ६. आक्रामक प्रमोशन र ब्रान्डिङ

· ग्लोबल डिजिटल अभियान सञ्चालन गरिनेछ; अन्तर्राष्ट्रिय मेलाहरूमा व्यवसायी सहभागी गराइनेछन् । · प्रदेश र केन्द्रसँग समन्वय गर्दै स्थानिक ब्रान्डिङ र ट्राभल मार्ट स्थापना गरिनेछ ।

## ७. दक्ष जनशक्ति विकास

· Tourism & Hospitality Universities र तालिम कोर्सहरू स्थानीय र प्रदेशस्तरमा सञ्चालन गरिनेछन् ।

· गाइड, पोर्टर र होटल जनशक्तिलाई पेशागत भाषा, संस्कृति, सुरक्षा र आपतकालीन सेवा सम्वर्धन तालिम दिइनेछ ।

## ८. दिगो पर्यटन र वातावरणीय सुरक्षा

· Green Certification लागू गरिनेछ; Single-Use Plastic निषेध गरिनेछ । · हिमाल, वन्य क्षेत्र र संरक्षण क्षेत्रमा पर्यावरणीय नियम कडा गरिनेछन् ।

**९.** एकद्वार तथा सरलिकृत पर्यटन सेवाको प्रत्याभूति गरनेछ ।

· भिसा, ट्रेकिङ परमिट, शुल्क, बीमा, हेल्थ सर्टिफिकेट एकल डिजिटल पोर्टलमार्फत उपलब्ध गराइनेछन् ।

अध्याय ४

# शिक्षा,  स्वास्थ्य र रोजगारी

*शिक्षा प्रणालीमा सुधार*

नेपालको शिक्षा प्रणालीलाई गुणस्तरीय, समावेशी, रोजगारमुखी तथा सङ्घीय संरचनासँग सुसंगत बनाउन निम्नानुसार आमूल सुधार गरिनेछ ।

## १. संरचनात्मक तथा नीतिगत सुधार

· माध्यमिक तहसम्मको पाठ्यक्रम तथा जनशक्ति व्यवस्थापन सङ्घीय सरकार अन्तर्गत रहने र विद्यालयको भौतिक पूर्वाधार तथा सञ्चालन स्थानीय सरकारले गर्ने व्यवस्था मिलाइनेछ ।

· UGC, MEC लगायतका नियामक निकायहरूलाई एकीकृत गरी पूर्ण स्वायत्त तथा राजनीतिक हस्तक्षेपरहित राष्ट्रिय उच्च शिक्षा आयोग गठन गरिनेछ ।

· विश्वविद्यालयहरूलाई शैक्षिक, प्रशासनिक तथा वित्तीय स्वायत्तता प्रदान गरिनेछ; पदाधिकारी तथा प्राध्यापकहरूको नियुक्ति, बढुवा तथा मूल्यांकन पूर्ण रूपमा मेरिट (योग्यता तथा कार्यसम्पादन) को आधारमा गरिनेछ ।

· सङ्घीयताको मर्मअनुरूप सङ्घीय शिक्षा ऐन जारी गर्न संसद्को पहिलो बैठकमा संकल्प प्रस्ताव पेश गरी पारित गरिनेछ ।

· एक पालिका एक स्मार्ट विद्यालय अवधारणा लागू गरी प्रविधिमैत्री शिक्षा र डिजिटल साक्षरता विस्तार गरिनेछ ।

· विपन्न लक्षित छात्रवृत्ति १२ कक्षासम्म विस्तार र दलित/सीमान्तकृत महिलाका लागि विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

## २. सामुदायिक विद्यालय सुधार

· सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार्न राष्ट्रिय सामुदायिक विद्यालय सुधार अभियान सञ्चालन गरिनेछ । यसमा भौतिक पूर्वाधार विकास, शिक्षक तालिम, प्रविधि एकीकरण तथा सिकाइ नतिजा सुधारलाई प्राथमिकता दिइनेछ ।

· निजी शैक्षिक संस्थाहरूको शैक्षिक शुल्कमा अधिकतम सीमा निर्धारण गरिनेछ ।

· विपन्न, दलित, आदिवासी जनजाति, अपाङ्ग तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूका लागि विशेष छात्रवृत्ति कोटा तथा आवासको व्यवस्था गरिनेछ ।

· प्रत्येक पालिकामा कम्तीमा एक नमूना आवासीय स्मार्ट विद्यालय सञ्चालन गरी व्यावसायिक/प्राविधिक शिक्षा तथा पढ्दै कमाउने अवसर प्रदान गरिनेछ; यस्ता विद्यालयमा अपाङ्ग, विपन्न तथा सीमान्तकृत विद्यार्थीलाई उच्च प्राथमिकता दिइनेछ ।

## ३. जनशक्ति व्यवस्थापन तथा समुदाय सहभागिता

· सबै तहका शिक्षक नियुक्ति शिक्षक सेवा आयोगमार्फत खुला तथा प्रतिस्पर्धात्मक प्रक्रियाबाट गरिनेछ ।

· विद्यार्थी घनत्व तथा क्षेत्रीय आवश्यकताअनुसार शिक्षकहरूको पुनर्वितरण गरिनेछ ।

· शिक्षकको कार्यसम्पादनलाई विद्यार्थी सिकाइ नतिजासँग जोडेर राम्रो प्रदर्शनलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

· शिक्षकहरूका लागि निरन्तर व्यावसायिक विकास तथा तालिम कार्यक्रम अनिवार्य गरिनेछ ।

· शिक्षक अभाव भएका क्षेत्रमा समुदाय केन्द्रित स्वयंसेवी शिक्षक व्यवस्था लागू गरिनेछ ।

## ४. पाठ्यक्रम, सीप विकास तथा डिजिटल एकीकरण

· देशको भौगोलिक, आर्थिक तथा सांस्कृतिक आवश्यकतालाई केन्द्रमा राखेर पाठ्यक्रम विकास गरिनेछ; नेपाली इतिहास, साहित्य, दर्शन तथा परम्परागत ज्ञानलाई प्राथमिकता दिइनेछ ।

· कक्षा ४–८ मा नैतिक शिक्षा अनिवार्य विषय बनाइनेछ । माध्यमिक तहमा इतिहास थप गरिनेछ ।

· कृषि, पर्यटन, जलविद्युत्, आयुर्वेद, सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता जस्ता रोजगारमुखी विषयलाई प्राथमिकता दिइनेछ ।

· विद्यालय तहमा व्यावसायिक सीप विकास कोर्स अनिवार्य गरिनेछ; स्थानीय उद्योग, व्यवसाय तथा सरकारी निकायसँग सहकार्य गरी इन्टर्नशिप तथा व्यावहारिक अभ्यासको व्यवस्था मिलाइनेछ ।

· सामुदायिक विद्यालयहरूमा डिजिटल विकासलाई उपयोग गर्दै कोडिङ (Coding), डिजिटल साक्षरता तथा अन्य छोटो अवधिका प्राविधिक कक्षाहरू सञ्चालन गरिनेछ ।

## ५. निगरानी, पारदर्शिता तथा जवाफदेहिता

· शिक्षक उपस्थिति, विद्यार्थी प्रगति तथा परीक्षा प्रक्रियामा डिजिटल प्रविधि उपयोग गरी पारदर्शिता कायम गरिनेछ ।

· अभिभावक, विद्यार्थी तथा स्थानीय समुदायलाई शिक्षा गुणस्तर निगरानीमा संलग्न गराइनेछ ।

· शिक्षण संस्थाका प्रबन्धकहरूको व्यक्तिगत जिम्मेवारी तोकी गुणस्तर कायम गर्न नसके कारबाहीको व्यवस्था गरिनेछ ।

## ६. उच्च शिक्षा, प्राविधिक तथा स्वास्थ्य विज्ञान विकास

· नयाँ सम्बन्धन हाललाई रोकी सम्बन्धन नीतिमा पुनरावलोकन गरिनेछ; विद्यमान संस्थाहरूको गुणस्तर मूल्यांकन गरिनेछ ।

· परीक्षा प्रणाली सुधार गरी स्पेशल सेन्टर हटाउने तथा डिजिटल इन्क्रिप्टेड पेपर लागू गरिनेछ ।

· प्रवासी नेपाली विद्वानहरूलाई नेपालमा सेवा गर्न शोध अनुदान, प्रयोगशाला तथा आवास व्यवस्था गरिनेछ ।

· स्वदेशी तथा विदेशी विश्वविद्यालयसँग समन्वय गरी प्राविधिक/व्यावसायिक धारमा छात्रवृत्ति प्रदान गरिनेछ (शहीद, विपन्न, दलित तथा सीमान्तकृत विद्यार्थीलाई प्राथमिकता); छात्रवृत्ति प्राप्तकर्ताले अध्ययनपछि कम्तिमा १० वर्ष नेपालमा सेवा नगरे रकम (ब्याज/हर्जाना सहित) असूल उपर गरिनेछ ।

· सामाजिक तथा आर्थिक अवस्थाका आधारमा प्राविधिक उच्च शिक्षाका लागि छात्रवृत्ति र लैङ्गिक मैत्री शैक्षिक संस्था निर्माण गरिनेछ ।

· सातै प्रदेशमा Institute of Technology स्थापना गरिनेछ; यसलाई सुदूरपश्चिम प्रदेशबाट सुरु गरी क्रमशः अन्य प्रदेशमा विस्तार गरिनेछ ।

· CTEVT लाई राष्ट्रिय प्राविधिक शिक्षा विश्वविद्यालयमा रूपान्तरण गरिनेछ ।

· कैलालीको गेटामा स्थापित शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई अन्तर्राष्ट्रिय स्तरको बनाइनेछ ।

## *खेलकुद क्षेत्र*

नेपाली खेलकर्मी तथा युवाशक्तिप्रति गहिरो सम्मान र खेल क्षेत्रको सर्वाङ्गीण विकासमा दृढ प्रतिबद्धता व्यक्त गर्दै, खेलकुदलाई राष्ट्रिय गौरव, युवा ऊर्जा तथा समृद्धिको मेरुदण्ड बनाउन निम्नानुसार गरिनेछ :

· वैज्ञानिक तथा आधुनिक खेलकुद प्रशिक्षण: खेलकुद प्रशिक्षण प्रणालीलाई वैज्ञानिक, प्राविधिक तथा परिणाममुखी बनाइनेछ । अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षक, स्पोर्ट्स साइन्स, पोषण तथा मनोविज्ञान विशेषज्ञहरूको संलग्नतामा नेपाली खेलाडीहरूलाई विश्वस्तरीय बनाइनेछ ।

· राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा विस्तार: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरू नियमित आयोजना गरी नेपाली खेलाडीहरूको सहभागिता, प्रतिनिधित्व तथा सम्मान सुनिश्चित गरिनेछ । ओलम्पिक, एसियाली खेलकुद तथा दक्षिण एसियाली खेलकुदमा नेपालको पदक संख्या दोब्बर बनाउने लक्ष्य राखिनेछ ।

· प्रतिभा पहिचान तथा निःशुल्क एकेडेमी: देशव्यापी प्रतिभा पहिचान तथा छनोट प्रणाली लागू गरिनेछ । छनोट भएका प्रतिभाशाली खेलाडीहरूलाई केन्द्रीय तथा प्रदेशस्तरीय निःशुल्क खेलकुद एकेडेमी मार्फत शिक्षा, आवास, प्रशिक्षण तथा जीवन निर्वाह सुविधा प्रदान गरिनेछ ।

· पुरस्कार तथा सम्मानमा दोब्बर वृद्धि: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पदक जित्ने खेलाडीहरूको पुरस्कार, प्रोत्साहन र सम्मान राशिलाई कम्तीमा दोब्बर बनाइनेछ । खेलकर्मीहरूको योगदानलाई राष्ट्रिय सम्मानको रूपमा स्थापित गरिनेछ ।

· खेलकुद पूर्वाधारमा ऐतिहासिक लगानी: केन्द्रमा ५० हजार दर्शक क्षमताको स्मारक राष्ट्रिय रङ्गशाला निर्माण गरिनेछ । आगामी ५ वर्षभित्र सातै प्रदेशमा अन्तर्राष्ट्रिय स्तरका रङ्गशाला तथा विभिन्न खेलका लागि कभर्ड हलहरू निर्माण गरिनेछ । एक वडा एक खेल मैदान, एक प्रदेश एक एकेडेमीको निर्माण गरिनेछ ।

· विद्यालयदेखि ओलम्पिकसम्म खेलाडी विकास: राष्ट्रपति रनिङ शिल्डलाई वैज्ञानिक तथा परिणाममुखी बनाई विद्यालय तहदेखि राष्ट्रिय टोली तथा ओलम्पिकसम्म खेलाडी उत्पादन गर्ने दीर्घकालीन प्रणाली लागू गरिनेछ ।

· विद्यालयस्तरीय खेलकुद प्रशिक्षक व्यवस्था: प्रत्येक विद्यालयमा कम्तीमा पाँच खेलको प्रशिक्षण दिन सक्ने योग्यता भएका, मान्यता प्राप्त एकेडेमीबाट प्रशिक्षित तथा लाइसेन्स प्राप्त खेलकुद प्रशिक्षक नियुक्त गर्ने कानुनी व्यवस्था गरिनेछ । पहिलो चरणमा ५ हजार निम्न माध्यमिक विद्यालयमा प्रशिक्षक नियुक्ति गरिनेछ ।

· विद्यालय खेलकुद पूर्वाधार सुदृढीकरण: देशभरका विद्यालयहरूमा खेलमैदान, खेल सामग्री तथा आवश्यक पूर्वाधारको चरणबद्ध विकास गरिनेछ ।

· क्रिकेट मैदान विकास: त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बाँकी काम अपग्रेड गर्ने । मुलपानी (काठमाडौं), भरतपुर (चितवन), मोरङ, फाप्ला लगायतका क्रिकेट मैदानहरूको विस्तार तथा नयाँ प्रदेशस्तरीय क्रिकेट मैदानहरू निर्माण गरिनेछ ।

· प्रोत्साहन तथा इन्सेन्टिभ: अन्तर्राष्ट्रिय पदक जित्ने क्रिकेट खेलाडी तथा तिनका सन्तानलाई छात्रवृत्ति तथा विशेष पुरस्कार दिइनेछ र नेपाल प्रिमियर लिगलाई व्यावसायिक बनाई खेलाडीहरूको आय वृद्धि गरिनेछ । प्रादेशिक लिगहरूका लागि समेत आवश्यक सहयोग गरिनेछ । समुदायस्तरमा क्रिकेट खेललाई थप विकास गरिनेछ ।

· विद्यालय/समुदाय स्तरमा खेलाडी उत्पादन: राष्ट्रपति रनिङ शिल्डमा क्रिकेटलाई विशेष प्राथमिकता दिइनेछ । विद्यालय तथा समुदायमा क्रिकेट एकेडेमी तथा प्रशिक्षण शिविर सञ्चालन गरी आधार तहदेखि प्रतिभा पहिचान तथा विकास गरिनेछ । क्रिकेटलाई पर्यटनसँग जोडेर अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गरिनेछ । २०२६ T20 विश्वकपजस्ता घटनामा युवा सहभागिता बढाइनेछ ।

· खेलकुद बजेट तथा लगानी वृद्धि: खेलकुद क्षेत्रको बजेटलाई हरेक वर्ष कम्तीमा ३०% वृद्धि गर्दै ५ वर्षमा दोब्बर बनाइनेछ । निजी तथा वैदेशिक लगानी आकर्षित गर्न कर छुट तथा विशेष प्रोत्साहन नीति लागू गरिनेछ ।

· महिला तथा समावेशी खेलकुद प्रवर्द्धन: महिला, दलित, आदिवासी जनजाति, अपाङ्ग तथा सीमान्तकृत समुदायका लागि विशेष खेलकुद कार्यक्रम, छात्रवृत्ति तथा एकेडेमी सञ्चालन गरिनेछ । महिला खेलकुदमा ५०% आरक्षण तथा विशेष प्रोत्साहन ।

· खेलकुद पर्यटन तथा व्यावसायिक खेल: खेलकुदलाई पर्यटनसँग जोडेर खेलकुद पर्यटन विकास गरिनेछ । क्रिकेट, फुटबल, भलिबल जस्ता खेलहरूको व्यावसायिक लिग तथा वाटर स्पोर्ट, माउण्टेन स्पोर्ट, इस्पोर्ट सञ्चालन गरी खेलाडी तथा प्रशिक्षकहरूको आय वृद्धि गरिनेछ ।

· खेलकुद स्वास्थ्य तथा कल्याण: खेलाडीहरूको स्वास्थ्य, पोषण, चोट व्यवस्थापन तथा पुनर्स्थापना सेवालाई निःशुल्क तथा उच्च गुणस्तरीय बनाइनेछ । खेलाडीहरूको लागि विशेष स्वास्थ्य बीमा तथा पेन्सन योजना लागू गरिनेछ ।

## *गुणस्तरीय जनमुखी जनस्वास्थ्य*

स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय, जनमुखी, समावेशी तथा दिगो बनाई स्वस्थ तथा समुन्नत नेपाल निर्माण गर्ने लक्ष्यका साथ निम्नानुसार नीतिगत तथा कार्यगत सुधार गरिनेछ :

· जनस्वास्थ्य सेवा पूर्ण रूपमा निःशुल्क: संविधानप्रदत्त स्वास्थ्यको मौलिक हक पूर्ण कार्यान्वयन गरिनेछ । खोप, सुरक्षित मातृत्व, सरुवा रोग नियन्त्रण, प्रजनन स्वास्थ्य तथा आधारभूत स्वास्थ्य सेवालाई राज्यको पूर्ण दायित्वमा राखी निःशुल्क प्रदान गरिनेछ । प्रजनन स्वास्थ्यसँग सम्बन्धित कानुनमा समयानुकूल परिमार्जन गरिनेछ । नागरिकले आफ्नो खल्तीबाट तिर्नुपर्ने स्वास्थ्य खर्च (Out-of-Pocket) हाल करिब ५४% रहेको अवस्थालाई वि.सं. २०८८ सम्म ३५% भन्दा कममा झारिनेछ ।

· स्वास्थ्य बीमा अनिवार्य तथा प्रगतिशील: स्वास्थ्य बीमालाई स्वास्थ्य सुरक्षा प्रणालीको मुख्य आधार बनाइनेछ । हाल करिब ३०% मा सीमित स्वास्थ्य बीमाको आबद्धतालाई सबैलाई अनिवार्य गरी वि.सं. २०८८ सम्म १००% पुर्‍याइनेछ । गरिबीको रेखामुनि रहेका नागरिकमध्ये हाल करिब १०% मात्रै बीमामा समेटिएको अवस्थालाई वि.सं. २०८८ सम्म १००% पुर्‍याइनेछ । गरिब, अशक्त, दीर्घरोगी र ज्येष्ठ नागरिकको बीमा प्रिमियम राज्यले बेहोर्ने व्यवस्थालाई परिणाममुखी, तथ्यांकिक र पारदर्शी बनाइनेछ ।

· समुदायमा स्वास्थ्य सेवा विस्तार: हरेक वडा, समुदाय तथा विद्यालयमा मिड–लेभल स्वास्थ्य टोली (HA/Staff Nurse) परिचालन गरी नियमित स्वास्थ्य जाँच, जीवनशैली परामर्श तथा रोकथाम सेवा प्रदान गरिनेछ ।

· सरकारी स्वास्थ्य संस्थामा विस्तारित सेवा: सरकारी अस्पतालहरूमा बहिरङ्ग सेवा (OPD) वर्षभरि बिहान ७ देखि बेलुका ७ बजेसम्म दुई सिफ्टमा सञ्चालन गरिनेछ । स्वास्थ्य चौकीहरूमा पनि ३६५ दिन सेवा विस्तार गरिनेछ ।

· विशेष प्राथमिकता समूह: वैदेशिक रोजगारीमा जाने युवाको स्वास्थ्य परीक्षण निःशुल्क गरिनेछ । ज्येष्ठ नागरिक, अपाङ्ग, गर्भवती, नवजात शिशु तथा विपन्न वर्गलाई ग्रिन च्यानलमार्फत प्राथमिकता तथा विशेष सहुलियत प्रदान गरिनेछ ।

· स्वास्थ्यकर्मीको सेवा तथा सुरक्षा: सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई जीवन निर्वाह योग्य तलब, सुविधा तथा सुरक्षा प्रदान गरी “एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य संस्था (पूर्णकालीन सेवा)” नीति कडाइका साथ लागू गरिनेछ ।

· रोकथाम प्रधान स्वास्थ्य: उपचारभन्दा रोकथामलाई प्राथमिकता दिई शारीरिक व्यायाम, योग, ध्यान तथा पोषिलो खानाको संस्थागत प्रवर्द्धन गरिनेछ ।

· मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम: बढ्दो मानसिक स्वास्थ्य समस्या तथा आत्महत्यालाई विशेष समस्या मान्दै आत्महत्या रोकथाम राष्ट्रिय रणनीतिक कार्यक्रम लागू गरिनेछ । मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्यसँग एकीकृत गरी गाउँ तहसम्म विस्तार गरेर मनोसामाजिक परामर्श हेल्पलाइन सञ्चालन गरिनेछ । आत्महत्या मृत्युदर हाल २३.४ प्रति १ लाख रहेको अवस्थालाई वि.सं. २०८८ सम्म ४.७ प्रति १ लाखमा झारिनेछ ।

· पूर्ण डिजिटल स्वास्थ्य प्रणाली: सबै सरकारी स्वास्थ्य संस्थामा Electronic Medical Record (EMR) लागू गरी सेवाग्राहीले पुरानो कागजात बोक्नु नपर्ने व्यवस्था गरिनेछ । डिजिटल स्वास्थ्य र अस्पताल प्रशासन सुधार गरिनेछ । EMR प्रणालीलाई शिक्षण अस्पतालहरूमा चरणबद्ध रूपमा लागू गरिनेछ ।

· प्रदेशस्तरीय विशिष्टीकृत अस्पताल: सातै प्रदेशमा पूर्ण सरकारी स्वामित्वका विशिष्टीकृत प्राज्ञिक तथा रेफरल अस्पताल स्थापना गरी काठमाडौं धाउनु नपर्ने व्यवस्था गरिनेछ । प्रदेशमा मध्यम तथा उच्च स्तरीय विशेषज्ञ जनशक्ति उत्पादन गरिनेछ ।

· औषधि आपूर्ति तथा सुशासन: औषधि खरिदमा हुने अनियमितता अन्त्य गर्न केन्द्रीय फ्रेमवर्क सम्झौता (Central Framework Contract) तथा सरकारी–सरकारी (G2G) खरिद प्रणाली लागू गरिनेछ । नेपाल औषधि लिमिटेड तथा सिंहदरबार वैद्यखानाको क्षमता वृद्धि गरी आधारभूत औषधि स्वदेशमै उत्पादन गर्ने र सरकारी संस्थामा जेनेरिक प्रयोग अनिवार्य गरिनेछ ।

· घुम्ती विशेषज्ञ सेवा: दुर्गम तथा पिछडिएको क्षेत्रमा विशेषज्ञ सेवा पुर्‍याउन प्रत्येक वर्ष आश्विन/कार्तिक तथा फागुनमा जनस्वास्थ्य अभियानसहित घुम्ती विशेषज्ञ शिविर सञ्चालन गरिनेछ ।

· “अस्पताल पर्खने होइन, स्वास्थ्य सेवा गाउँ जाने” नीति अनुसार प्राथमिक स्वास्थ्य सेवा सुदृढ गरिनेछ । वडा तहका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको जनशक्ति, औषधि, उपकरण र गुणस्तर सुधार गरिनेछ । नसर्ने रोगहरूको रोकथाम र व्यवस्थापनका लागि हृदयरोग, मधुमेह जाँच, परामर्श र नियन्त्रण सेवा समुदायमै उपलब्ध गराइनेछ ।

· खाद्य तथा औषधि नियमन: अनियन्त्रित खाद्य पूरक तथा जडीबुटीजन्य पदार्थको नियमन गरिनेछ । मदिरा तथा सुर्तीजन्य पदार्थको करबाट प्राप्त रकम नसर्ने रोगको रोकथाम तथा उपचारमा खर्च गरिनेछ ।

· दूरस्वास्थ्य सेवा: दूरस्वास्थ्य चिकित्सा (Telemedicine) विस्तार गरी ग्रामीण क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गरिनेछ । जनरल प्राक्टिस (GP) तथा विशेषज्ञ सेवाको पहुँच विस्तार गरिनेछ ।

· सङ्घीय स्वास्थ्य संरचनाको पुनर्संरचना: सङ्घ, प्रदेश तथा स्थानीय तहका स्वास्थ्य संरचनाको पुनर्संरचना गरी स्वास्थ्यकर्मी, उपकरण, भवन तथा सेवा वर्गीकरण/गुणस्तर निर्धारण गरिनेछ ।

· महामारी तथा आपत्कालीन सेवा: महामारी, विपत्ति तथा आपत्कालीन सेवालाई सुदृढ संरचनामार्फत प्रभावकारी बनाइनेछ ।

· स्वास्थ्य बजेट वृद्धि: स्वास्थ्य क्षेत्रको बजेट हिस्सा हाल करिब ५% रहेको अवस्थालाई वि.सं. २०८८ सम्म ८% पुर्‍याइनेछ ।

· नसर्ने रोग तथा विशेष सेवा विस्तार: नसर्ने रोग, मुख स्वास्थ्य, मानसिक स्वास्थ्य, नाक–कान–घाँटी, छाला रोग तथा पेशागत स्वास्थ्य सेवालाई सातै प्रदेशमा सुदृढीकरण गरी जिल्ला तहसम्म विस्तार गरिनेछ ।

· एकीकृत स्वास्थ्य ऐन: स्वास्थ्य सेवा ऐन, नियमावली, परिषद्, आयोग तथा संस्थाहरूको नीति समयानुकूल परिमार्जन गरी एकीकृत स्वास्थ्य ऐन निर्माण तथा लागू गरिनेछ ।

· आधुनिक तथा परम्परागत स्वास्थ्य प्रणाली एकीकरण: आधुनिक, आयुर्वेदिक, मौलिक, परम्परागत र वैकल्पिक प्रणालीको अध्ययन तथा अनुसन्धानमा आधारित दीर्घकालीन नीति निर्माण गरिनेछ । आयुर्वेद, प्राकृतिक र मौलिक चिकित्सा पद्धतिको सुसंगत एकीकरण गरिनेछ ।

· साझेदारीमा सामाजिक स्वास्थ्य अभियान: स्वास्थ्य शिक्षा, पुनर्स्थापना, दिवा सेवा स्याहार तथा सामाजिक सुरक्षा कार्यक्रम सरकारी, सहकारी तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ ।

### *विज्ञान तथा प्रविधि*

विज्ञान तथा प्रविधि र नवप्रवर्तनलाई देशको समग्र रूपान्तरणको प्रमुख आधार बनाइनेछ । यसले रोजगारी सिर्जना, प्रतिस्पर्धात्मकता विकास र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा महत्वपूर्ण योगदान दिनेछ । नेपाली युवा तथा वैज्ञानिकहरूको सिर्जनशीलता, ज्ञान र सीपलाई स्वदेशमै उपयोग गर्न निम्न कार्य अघि बढाइनेछ :

· विद्यालयदेखि विश्वविद्यालय तहसम्म विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) शिक्षालाई व्यवहारिक, अनुसन्धानमुखी तथा रोजगारीसँग जोड्ने गरी पाठ्यक्रम र शिक्षण प्रणाली सुधार गरिनेछ ।

· युवा वैज्ञानिक लक्षित “युवा–नेतृत्व नवप्रवर्तन कार्यक्रम” सञ्चालन गरी अनुसन्धान, स्टार्टअप र प्रविधि उद्यम प्रवर्द्धन गरिनेछ ।

· प्रत्येक प्रदेशमा इनोभेसन तथा इन्क्युबेसन केन्द्र र टेक्नोलोजी पार्क स्थापना गरी विचारदेखि उत्पादन र बजारसम्मको संरचनागत सहयोग सुनिश्चित गरिनेछ ।

· कृत्रिम बुद्धिमत्ता (AI), डाटा साइन्स, साइबर सुरक्षा, फिनटेक, बायोटेक र नवीकरणीय ऊर्जा जस्ता उदीयमान प्रविधिमा युवालाई दक्ष बनाउने राष्ट्रिय कार्यक्रम सञ्चालन गरिनेछ ।

· विदेश पलायन भइरहेका युवा वैज्ञानिक, इन्जिनियर र प्राविधिकलाई स्वदेशमा रोक्न अनुसन्धान अनुदान, कर सहुलियत, सुरक्षित करियर मार्ग र सम्मानजनक पारिश्रमिकको व्यवस्था गरिनेछ ।

· डिजिटल शासन प्रणाली सुदृढ गरी सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, सरल र नागरिकमैत्री बनाइनेछ ।

· विज्ञान तथा प्रविधि क्षेत्रमा नियुक्ति, अनुदान र निर्णय प्रक्रिया पूर्ण रूपमा योग्यता, प्रतिस्पर्धा र पारदर्शितामा आधारित बनाइनेछ ।

· प्रत्येक प्रदेशमा एक अनुसन्धान केन्द्र स्थापना गरी प्रत्येक केन्द्रमा कम्तीमा १०–१०० वैज्ञानिक राख्ने व्यवस्था मिलाइनेछ । वैज्ञानिकहरूबाट निश्चित संख्यामा प्रोडक्ट तथा पेटेन्ट दर्ता गर्ने वातावरण निर्माण गरिनेछ ।

· विज्ञान तथा प्रविधि र नवप्रवर्तनको भरपूर उपयोग गरी रोजगारी र राष्ट्रिय उत्पादन वृद्धिमा जोड दिइनेछ ।

### *सूचना प्रविधि तथा सञ्चार*

सूचना प्रविधिका लाभहरू समानरूपमा नागरिक तहसम्म पुर्‍याउन राज्यको सक्रिय भूमिका सुनिश्चित गरिनेछ । सुरक्षित, जिम्मेवार र समावेशी प्रयोगबाट डिजिटल डिभाइड हटाई नागरिक सशक्तीकरण गर्न निम्नानुसार गरिनेछ :

· सञ्चारकर्मी तथा मिडिया संस्थामाथिको दमन, आक्रमण र हस्तक्षेप अन्त्य गर्ने; धम्की, हिंसा र दबाबविरुद्ध शून्य सहनशीलता नीति अपनाई प्रभावकारी न्याय सुनिश्चित गर्ने ।

· वाक तथा प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्न नयाँ कानुन तथा नीति बनाउने; समाचार सम्पादन, सामग्री छनोट र रिपोर्टिङमा राजनीतिक/प्रशासनिक हस्तक्षेप रोक्ने ।

· तथ्यमा आधारित, जिम्मेवार र गुणस्तरीय सामग्री उत्पादन–प्रसारणलाई प्रोत्साहन दिने; गलत सूचना, दुष्प्रचार र घृणात्मक अभिव्यक्ति विरुद्ध प्रभावकारी नीति लागू गर्ने ।

· प्रिन्ट, रेडियो, टेलिभिजन, अनलाइन तथा डिजिटल मिडियाप्रति समान व्यवहार गर्दै सन्तुलित र दिगो विकास सुनिश्चित गर्ने ।

· पत्रकारको न्यूनतम पारिश्रमिक, सेवा सुविधा, श्रम अधिकार, दुर्घटना तथा स्वास्थ्य बीमा र सामाजिक सुरक्षा अनिवार्य गर्ने; जोखिमपूर्ण रिपोर्टिङमा विशेष सुरक्षा व्यवस्था गर्ने ।

· रेडियो नेपाल, नेपाल टेलिभिजन र राससलाई पेशागत स्वतन्त्रता, आर्थिक पारदर्शिता र आधुनिक प्रविधिसहित राजनीतिक प्रभावमुक्त स्वतन्त्र सार्वजनिक जनमुखी सेवा प्रसारक बनाउने ।

· स्थानीय तथा सार्वजनिक सेवा मिडियाको दिगो आर्थिक मोडेलका लागि विज्ञापन नीति, अनुदान र नवप्रवर्तनमैत्री उपाय अपनाउने ।

· डिजिटल मिडिया र अनलाइन पत्रकारिताको दर्ता, नियमन तथा संरक्षणका लागि स्पष्ट र प्रगतिशील कानुनी व्यवस्था गर्ने ।

· ICT प्रयोगमार्फत युवा, महिला र सीमान्तकृत समुदायका लागि रोजगारी तथा आयआर्जनका नयाँ अवसर सिर्जना गर्ने ।

· सामाजिक सञ्जाल दुरुपयोग रोक्न सचेतना, मिडिया साक्षरता र आत्मनियमन प्रणालीलाई प्रोत्साहन दिने; बालबालिका र युवालाई गलत सूचना तथा प्रविधि दुरुपयोगबाट जोगाउने ।

· महिला, अल्पसङ्ख्यक र स्थानीय भाषाका पत्रकारको सुरक्षा, सहभागिता र नेतृत्व विकासलाई प्राथमिकता दिने; मातृभाषामा सञ्चालित मिडियालाई प्रोत्साहन दिने ।

· सरकारी विज्ञापन वितरण प्रणालीलाई पारदर्शी, न्यायसङ्गत र मापदण्डमा आधारित बनाउने ।

· ग्रामीण तथा दुर्गम क्षेत्रमा इन्टरनेट, प्रसारण र सञ्चार पूर्वाधार विस्तार गरी स्थानीय तहसम्म ब्रोडब्यान्ड पुऱ्याउने ।

· नयाँ प्रविधि, डाटा पत्रकारिता, कृत्रिम बुद्धिमत्ता (AI) र अनुसन्धानमूलक पत्रकारितालाई प्रोत्साहन दिने ।

· प्रेस काउन्सिल नेपाललगायत नियामक निकायलाई स्वतन्त्र, सक्षम र विश्वसनीय बनाउने ।

· सामुदायिक विद्यालयमा निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराउने; पाठ्यक्रममा डिजिटल साक्षरता समावेश गरी कम्प्युटर तथा इन्टरनेट सुविधाले सुसज्जित गर्ने ।

***भौतिक पूर्वाधार विकास***

## यातायात पूर्वाधार

· प्रगति हुन नसकेका राष्ट्रिय गौरवका आयोजना र नयाँ महत्वपूर्ण आयोजनाहरूको निर्माण द्रुतरूपमा सम्पन्न गरिनेछ ।

· पूर्वपश्चिम राजमार्ग, हुलाकीमार्ग, मध्यपहाडी लोकमार्ग, काठमाडौं–निजगढ द्रुतमार्ग, काठमाडौं–हेटौडा सुरुङमार्ग, उत्तरदक्षिण लोकमार्ग (कोशी, त्रिशुली, कालीगण्डकी, कर्णाली र महाकाली कोरिडोर) गङ्गाचौकी–चिसापानी सडकखण्ड चार लेनको निर्माण गरिनेछ । खुटीया–दिपायल–चैनपुर–उरै भञ्ज्याङ योजना को निर्माण शीघ्र सम्पन्न गरिनेछ ।

· काठमाडौंको बाहिरी चक्रपथ र अन्य प्रमुख शहरमा चक्रपथको निर्माणलाई तीव्रता दिइनेछ ।

· सबै स्थानीय तहका केन्द्रसम्म पक्की सडक पुर्‍याइनेछ । हुलाकी सडकका बाँकी खण्डको निर्माण कार्य पूरा गरिनेछ ।

· पूर्वपश्चिम हिमाली लोकमार्गको अध्ययन गरी प्रारम्भिक कार्य सम्पन्न गरिनेछ ।

· केरुङ–काठमाडौं, काठमाडौं–पोखरा र काठमाडौं–लुम्बिनी रेलमार्गको निर्माण प्रक्रिया अगाडि बढाइनेछ । यसअघि सहमति भए अनुसारका नाका सञ्चालनका लागि कूटनीतिक पहल गरिनेछ ।

· पूर्वपश्चिम रेलमार्ग निर्माण र काठमाडौंमा मेट्रोरेल तथा मोनोरेल निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।

· निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य ५ वर्षमा सक्ने, हाल प्रयोगमा नरहेका मुलुकका विभिन्न भागका विमानस्थलहरूको स्तरोन्नति गरी प्रयोगमा ल्याउने वा अन्य प्रयोजनमा उपयोग गर्ने ।

· मुलुकका विभिन्न भागमा द्रुतमार्ग, लोकमार्ग र टनेल मार्गको निर्माण कार्य अगाडि बढाइनेछ ।

· प्रमुख शहरहरूमा मास ट्रान्सिट सिस्टम कार्यान्वयनमा ल्याउने ।

· ठूला नदीहरूमा जल यातायातका पूर्वाधार निर्माण गर्ने ।

## ऊर्जा विकास

· प्रतिव्यक्ति विद्युत खपत आगामी पाँच वर्षमा ७५० किलोवाट घण्टा पुर्‍याइनेछ ।

· विक्रम सम्वत् २१०० सम्म ४० हजार मेगावाट विद्युत उत्पादन गर्ने दीर्घकालीन लक्ष्य पूरा गर्न जलविद्युत क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी बढाउन पहल गरिनेछ ।

· नयाँ आयोजनाहरूको विद्युत खरिद सम्झौता (PPA) खोल्नुका साथै निजी क्षेत्रका कम्पनीहरूले पनि यस्तो सम्झौता गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

· आगामी ५ वर्षमा १०,००० मेगावाट थप गरी राष्ट्रिय प्रणालीको क्षमता १५,००० मेगावाट पुर्‍याइनेछ ।

· विद्युत निर्यात सुनिश्चित गर्न भारत र बङ्गलादेशसँगको सम्झौता प्रभावकारी बनाइनेछ ।

· नवीकरणीय ऊर्जा (सौर्य, वायु, माइक्रो/साना जलविद्युत) प्रवर्द्धन गरी नवीकरणीय ऊर्जा मिश्रण बढाइनेछ ।

· जलविद्युत आयोजनाहरूको वातावरणीय तथा सामाजिक सुरक्षण सुनिश्चित गर्दै दिगो विकास मोडेल अपनाइनेछ ।

· शतप्रतिशत हरित ऊर्जा उपयोग गर्ने देशको लक्ष्यसहित ऊर्जामैत्री देश घोषणाका लागि आवश्यक कार्यहरू गर्ने ।

· ऊर्जा क्षेत्रमा स्वदेशी तथा बाह्य लगानी अभिवृद्धि गर्न नीतिगत तथा कानुनी सुधार गर्ने ।

## ग्रामीण तथा सहरी विकास

· अव्यवस्थित बसोबास हटाउँदै व्यवस्थित र एकीकृत वस्तिको विकास गर्ने, गाउँ तथा नगरका बसोबास क्षेत्रमा आधुनिक सेवा र सुविधा पुऱ्याइनेछ ।

· आगामी ५ वर्षभित्र छानिएका २० वटा शहरलाई स्मार्ट सिटी र १०० वटा ग्रामीण वस्तिलाई स्मार्ट भिलेज बनाउन प्रभावकारी परियोजना सञ्चालन गरिनेछ ।

· आगामी ५ वर्षभित्रमा सबै नेपालीको घरमा सफा पिउने पानी उपलब्ध गराइनेछ ।

· एक परिवार एक आवास इकाईको अवधारणा अन्तर्गत सरकारी र निजी क्षेत्रको लगानीमा पाँच वर्षमा पाँच लाख नयाँ आवास इकाई निर्माण गरिनेछ ।

## वन, वातावरण संरक्षण तथा विपत् व्यवस्थापन

· वन क्षेत्रको अवैध अतिक्रमण तथा दोहन रोक्नुको साथै रुख कटान, आगलागी र बाढीपहिरोको कारण खाली हुन गएको क्षेत्रमा नयाँ गुणस्तरीय जातको वृक्षारोपण गरी वन संरक्षण गरिनेछ । तराई–मधेसलाई मरुभूमिकरण हुन नदिन चुरे र शिवालिक पर्वत श्रृङ्खलाको संरक्षण गरिनेछ ।

· वनजन्य स्रोतको विवेकशील उपयोग गरी उत्पादन, रोजगारी र आयआर्जन बढाउन ढले–पडेका र बुढा–पुराना रुखहरू कटान गरी निर्माण कार्य र फर्निचर उद्योगमा प्रयोग गरिनेछ ।

· वन सम्पदाको व्यवसायिक विकास र उपयोगको लागि सरकारी, सामुदायिक तथा निजी वनसँग सम्बन्धित नीतिमा सुधार गरिनेछ ।

· वन क्षेत्र लिजमा उपलब्ध गराई जडीबुटी खेती, वन्य पशुपन्छीको व्यावसायिक पालन र फलफूल खेती प्रवर्द्धन गरिनेछ ।

· सामुदायिक वनको उपयोगबाट स्थानीय समुदायले अधिक लाभ प्राप्त गर्ने गरी सामूहिक प्रणालीको उद्यम–व्यवसाय सञ्चालन गर्न "एक सामुदायिक वन, एक उद्यम" कार्यक्रम सञ्चालन गरिनेछ ।

· वातावरण संरक्षण गर्न हरित अर्थतन्त्रको प्रवर्द्धनमा जोड दिइनेछ । उद्योग–व्यवसाय, कार्यालय तथा प्रतिष्ठानहरूले वातावरणमैत्री विधिहरू अवलम्बन गर्नुपर्ने व्यवस्था गरिनेछ ।

· जैविक विविधताको संरक्षण गरिनेछ ।

· कार्बन मूल्य निर्धारणको लागि नीति निर्माण गरी कार्बन व्यापारको लागि स्पष्ट कानुनी र संस्थागत आधार तयार गरिनेछ । नयाँ बन्ने नीतिले उत्सर्जन घटाउने परियोजनालाई प्रोत्साहन दिई कार्बन क्रेडिटको उत्पादन, खरिद–बिक्री र नियमनको व्यवस्था गर्नेछ ।

· नेपालले सन् २०४५ सम्म नेट जिरो इमिशनको लक्ष्य लिएको सन्दर्भमा सो लक्ष्य हासिल गर्न हरप्रयास गरिनेछ ।

· हरित गृह ग्यास उत्सर्जनका कारण पृथ्वीमा बढ्दो तापमान तथा जलवायु परिवर्तनले जनताको जीवनमा पर्ने असर र जोखिमहरूलाई कम गर्न अनुकूलन र न्यूनीकरणको कार्यक्रम सञ्चालन गरिनेछ ।

· पृथ्वीको बढ्दो तापमान तथा जलवायु परिवर्तनका मुद्दालाई अन्तर्राष्ट्रियकरण गरी जलवायु सङ्कटले हिमाली देशहरूमा उत्पन्न गरेको जोखिमबारे विश्वव्यापीरूपमा ध्यानाकर्षण गराइनेछ । यस दिशामा नेपालको नेतृत्वमा सरोकारवाला मुलुकहरूको सञ्जाल निर्माणको पहल गरिनेछ ।

· जलवायु परिवर्तनसँग सम्बद्ध विश्व सम्झौताहरुद्वारा स्थापित हरित जलवायु कोष, नोक्सानी क्षतिपूर्ति कोषजस्ता वित्तीय कोषको रकम तथा अन्य अवसरहरूको अधिकतम उपयोग गर्नको लागि विशेष कूटनीतिक साथै प्राविधिक पहल गरिनेछ ।

· विनाशकारी भूकम्प, बाढी, पहिरो, डुबान, भूक्षय, डढेलो, उष्णवायु, आँधी, तुफान, चक्रवात, अतिवृष्टि, अनावृष्टि, हिमपहिरो, सुख्खा जस्ता प्राकृतिक विपदबाट हुने जनधनको नोक्सानी कम गर्नका लागि एआईको प्रयोगका साथै डिजिटल प्रविधिमा आधारित विपद् पूर्वसूचना प्रणाली विकास गरिनेछ । जोखिममा रहेका वस्तीहरूलाई स्थानान्तरण गर्ने र एकीकृत वस्ती निर्माण गर्ने कार्य अघि बढाइनेछ ।

· विकासका योजना निर्माण गर्दा विपद्जन्य जोखिम र त्यसको व्यवस्थापनमा ध्यान दिनुपर्ने नीति अवलम्बन गरिनेछ ।

# अध्याय ५
# समानता, समावेशिता, सामाजिक न्याय र सुरक्षा

## *महिला, बालबालिका तथा ज्येष्ठ नागरिक*

· राज्यका सबै निकायमा महिला प्रतिनिधित्व बढाउन संविधान संशोधन गरिनेछ । · समान कामको समान ज्याला नीति कडाइका साथ कार्यान्वयन गरिनेछ ।

· दलित, एकल, असहाय, अपाङ्गता भएका, लैङ्गिक/धार्मिक अल्पसङ्ख्यक, आदिवासी, थारु, मधेसी, गरिब समुदायका महिलालाई राजनीतिक, सार्वजनिक र पेशागत क्षेत्रमा विशेष संरक्षणमुखी नीति लागू गरिनेछ ।

· नीति, योजना तथा कार्यक्रम निर्माणमा महिलाको अनिवार्य र अर्थपूर्ण सहभागिताको नीतिगत व्यवस्था गरिनेछ ।

· विद्यालय शिक्षा पूरा नगरेका महिलाहरूलाई व्यावसायिक शिक्षा/तालिमको व्यवस्था गरिनेछ ।

· तलबी महिला सुत्केरी बिदा दुई सन्तानसम्म ६ महिना बनाइनेछ; हरेक स्थानीय तहमा शिशु स्याहार केन्द्र विस्तार, निःशुल्क नर्सिङ, सुत्केरी सेवा र गरिब/विपन्न महिलालाई पोषण भत्ता दिइनेछ ।

· स्तन क्यान्सर, पाठेघर खस्ने, फिस्टुला, पिसाब चुहिने लगायत महिला विशेष रोगहरूको निःशुल्क उपचार गरिनेछ ।

· दुर्गम क्षेत्रबाट जटिल प्रसूतिको लागि आपतकालीन हवाई उद्धार, एम्बुलेन्स र तत्काल उपचार व्यवस्था गरिनेछ ।

· गर्भवती महिलालाई स्वास्थ्य केन्द्रमा प्रसूति प्रोत्साहन, स्वास्थ्य परीक्षण, पौष्टिक आहार वितरण र शिशु स्याहार प्रभावकारी बनाइनेछ ।

· विवाहित/अविवाहित ग्रामीण महिला तथा किशोरीहरूलाई परिवार नियोजन, गर्भनिरोधक, सुरक्षित गर्भपतन र पछिका सेवाहरू पहुँचयोग्य बनाइनेछ ।

· छात्राहरूलाई सफा शौचालय र स्यानिटरी प्याडको व्यवस्था गरिनेछ ।

· मानसिक समस्या, अपाङ्गता र हिंसापीडित महिलाहरूलाई पालिकास्तरमा पुनर्स्थापना गृह, कानुनी/मनोसामाजिक परामर्श, चिकित्सकीय र जीविकोपार्जन सहयोगको व्यवस्था गरिनेछ ।

· स्वास्थ्य बीमा अनिवार्य र महिला लक्षित स्वास्थ्य सेवा विस्तार गरिनेछ ।

· हरेक पालिकामा "फास्ट ट्र्याक महिला न्याय युनिट" स्थापना; हिंसापीडित महिलालाई क्षतिपूर्ति र दोषीलाई कडा दण्डको व्यवस्था ।

· लैङ्गिक हिंसा रोकथाम र एकीकृत सेवा पहुँच कार्यक्रम विस्तार तथा हिंसापीडित महिलाको पुनर्स्थापना/उद्धार, विशेष संरक्षण र न्यायमा पहुँचका लागि हरेक पालिकामा आवासीय मनोसामाजिक परामर्श केन्द्र स्थापना ।

· छाउपडी, बालविवाह, भ्रूण हत्या, छुवाछुत, महिला बेचबिखन, एसिड आक्रमण, बलात्कार, यौन हिंसा जस्ता हिंसाको उन्मूलनका लागि विशेष राष्ट्रिय अभियान थालनी गरिनेछ ।

· एचआईभी संक्रमित तथा प्रभावित महिला एवं बालबालिकाहरूलाई राज्यबाट उपचार तथा जीविकोपार्जनको सुनिश्चितता गर्दै संरक्षण गरिनेछ ।

· बालविकास तथा अन्य विकास योजना तथा कार्यक्रमहरूमा बाल्यकाल विकासको मान्यता अवलम्बन गरिनेछ ।

· महिलामाथि हुने सबैखाले डिजिटल हिंसा र अनलाइन उत्पीडन उन्मूलनका लागि राष्ट्रिय अभियान र संरचना विकास गरिनेछ ।

· मानव बेचबिखन तथा ओसारपसारलाई गम्भीर सामाजिक अपराध र मानवअधिकार उल्लङ्घनको रूपमा लिई यसको अन्त्यका लागि समुदायहरूसँगको सहकार्यमा प्रभावकारी हस्तक्षेप गरिनेछ । पीडितहरूको संरक्षण र पुनर्स्थापनाको साथै उनीहरूलाई शिक्षा, सीप विकास, उद्यमशीलता र रोजगारीको अवसर प्रदान गरिनेछ ।

· घरेलु/पारिवारिक कृषि कार्यको मूल्यांकन गरी राष्ट्रिय आयमा गणना गर्ने व्यवस्था गरिनेछ ।

· पैतृक सम्पत्तिमा समान अधिकारको संवैधानिक व्यवस्था कडाइका साथ कार्यान्वयन; संयुक्त धनीपूर्जा नीति अनुसार महिलालाई पारिवारिक जमिनको आधा हिस्सा ।

· सामाजिक/सांस्कृतिक रूपमा पछि परेका, लैङ्गिक अल्पसङ्ख्यक र अन्य महिलालाई सामाजिक सुरक्षा र विकासमा विशेष व्यवस्था गरिनेछ ।

· महिलाको क्षमता विकासका लागि उद्यमशीलता, उत्पादन, व्यवस्थापन तालिम र मन्त्रालयबाट बीउ पूँजी व्यवस्था गरिनेछ ।

· कृषि, कुटिर तथा साना उद्योगमा हरेक पालिकामा “महिला सशक्तीकरण कार्यक्रम” सञ्चालन; महिला उद्यमीलाई व्यवसायिक ऋणमा २५% ब्याज छुट दिइनेछ ।

· ८०% महिला कृषि क्षेत्रमा आबद्ध भएको अवस्थामा महिला कृषकलाई सहभागिता, स्रोत परिचालन र निर्णय अधिकारको प्रत्याभूति दिलाइनेछ ।

· एकल महिलालाई दिइँदै आएको भत्तामा समायोजित वृद्धि गरिनेछ ।

· बाल्यकाल विकास (Early Childhood) को अवधारणामा तीनवटै तहले पर्याप्त बजेट कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ । पोषण भत्ता देशका ७७ वटै जिल्लामा लागू गरिनेछ ।

· बालबालिका सम्बन्धी सबै कानुन समेटेर एकीकृत ऐन तर्जुमा गरिनेछ । पीडित बालबालिकालाई एकद्वार न्यायिक प्रणालीको विकास साथै सबै बालबालिकालाई सामाजिक सुरक्षा संयन्त्रमा आवद्ध गराइनेछ ।

· शहीद, बेपत्ता परिवार, द्वन्द्व प्रभावित, पूर्व जनमुक्ति सेना, घाइते र अपाङ्गता भएका र बञ्चितीकरणमा परेका परिवारका बालबालिकाहरूका हकमा शिक्षा, स्वास्थ्य, सुरक्षा, पोषण र समग्र विकासका लागि सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्था गरिनेछ ।

· बौद्धिक अपाङ्गता र अटिज्मको समस्या भएका बालबालिकालाई स्वास्थ्य हेरचाह सम्बन्धी राहतको व्यवस्था गरिनेछ ।

· ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षा भत्तालाई मर्यादित जीवन बिताउन पुग्ने गरी समयानुकूल वृद्धि गर्दै लगिनेछ ।

· ज्येष्ठ नागरिकको विशिष्ट अनुभव, क्षमता र सीपको सदुपयोग गर्न विशेष योजनाहरूको तर्जुमा गरिनेछ ।

· अशक्त ज्येष्ठ नागरिकको उपचारका लागि हरेक स्थानीय तहमा मेडिकल समूह गठन गरी घर घरमा उपचार सेवा पुऱ्याइनेछ ।

· समाजमा अपहेलित र असहाय ज्येष्ठ नागरिकहरूका तथ्याङ्क सङ्कलन गरी सबै प्रदेशहरूमा “ज्येष्ठ नागरिक मैत्री आवास” हरूको व्यवस्था गरिनेछ ।

### *आदिवासी जनजाति*

नेपालको संविधान, राज्यपक्षसँग भएका विभिन्न सम्झौता, आदिवासी जनजाति समुदायको आवश्यकता र अन्तर्राष्ट्रिय कानुनले स्थापना गरेको मानव अधिकारका मापदण्ड अनुरूप देशको राष्ट्रिय एकता सुदृढ गर्दै समृद्ध नेपाल निर्माणमा सामूहिक योगदान गर्ने वातावरण बनाउन निम्न नीति र कार्यक्रमहरू लागू गरिने छन् :

· पूँजीवादी–जनवादी क्रान्तिमा जस्तै समाजवादी क्रान्तिमा पनि उत्पीडित जातिको आत्मनिर्णय, स्वशासन र स्वायत्तताको अधिकारको स्थापना अनिवार्य रहने सैद्धान्तिक मान्यता र अन्तर्राष्ट्रिय कानुनका आधारमा हाम्रो पार्टी आदिवासी जनजाति समुदायका असन्तुष्टि र समस्या सम्बोधन गर्न प्रतिबद्ध रहनेछ ।

· नेपाल अन्तर्राष्ट्रिय कानुनको राज्यपक्ष भएको र आदिवासी जनजातिको माग अनुसार आई.एल.ओ. १६९/१९८९, आदिवासी जातिको अधिकार सम्बन्धी घोषणापत्र (UNDRIP), २००७, बाल अधिकार महासन्धि, जैविक विविधता महासन्धि, जलवायु परिवर्तन ढाँचागत महासन्धि लगायतका आदिवासीहरूसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनहरूलाई देशीय परिस्थिति अनुरूप लागू गर्न आवश्यकता अनुसार कानून तथा राष्ट्रिय कार्य योजना निर्माण गरिनेछ ।

· ऐतिहासिक थातथलो तथा प्राकृतिक स्रोतसाधनमाथि अग्राधिकार र त्यहाँ गरिने विकास–निर्माण तथा औद्योगिक व्यावसायिक प्रयोजनका परियोजनाहरूमा आदिवासी तथा स्थानीय समुदायको मञ्जुरीको अधिकार कायम गरिने छ ।

· राज्यका सबै नीति निर्माण गर्ने स्थानमा आदिवासी जनजाति महिलाको पहुँच र प्रतिनिधित्व सुनिश्चित गरिने छ र त्यसमा आदिवासी महिलाभित्रको विविधतालाई पनि सम्बोधन गरिनेछ ।

· धार्मिक, भाषिक तथा अल्पसङ्ख्यक समुदायको पहिचान गरी उनीहरूको भाषा, लिपि, संस्कृति, इतिहास, साहित्य, कला लगायतका सम्पदाको सम्वर्द्धन, अभ्यास र रूपान्तरणको हक सुनिश्चित गरिने छ ।

· आदिवासी जनजातिका रैथाने सीप, पेशा र कला समयानुकूल आधुनिकीकरण गरी उद्यमशीलता प्रवर्द्धन गरिनेछ ।

· आदिवासी जनजातिका अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि Indigenous Nationalities Commission लाई स्वतन्त्र, स्रोतसम्पन्न तथा प्रभावकारी बनाई यसको कार्यक्षमता सुदृढ गरिनेछ ।

### *दलित समुदाय*

संविधानले छुवाछुत र जातीय भेदभावलाई अपराध ठहर गरे पनि व्यवहारमा दलित समुदायमाथिको विभेद कायमै छ । दलित समुदायको आत्मसम्मानको रक्षा गर्दै संविधानप्रदत्त अधिकारलाई अनुभूतिकै तहमा कार्यान्वयन गराउन निम्न कार्यहरू गरिनेछ :

· दलित समुदायलाई राष्ट्रिय मूलधारको विकासमा प्रभावकारी भूमिका खेल्न सक्षम बनाउन क्षतिपूर्तिको सिद्धान्तअनुसार राज्यसत्ता र पार्टीसत्तामा पहुँच र प्रतिनिधित्वमा समानुपातिक समावेशीका अतिरिक्त विशेषाधिकारको व्यवस्था गरिनेछ ।

· एकीकृत दलित विकास कानुन निर्माणका साथै विभिन्न अन्तर्राष्ट्रिय सन्धी तथा महासन्धीहरूमा नेपालले गरेको प्रतिबद्धता अनुरूप दलित समुदायको अधिकार संरक्षणका लागि कार्ययोजना बनाई लागू गरिनेछ ।

· दलित समुदायलाई आधारभूतदेखि माध्यमिक शिक्षासम्म अनिवार्य र निःशुल्क गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षामा छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिनेछ ।

· दलित समुदायको परम्परागत सीप, कला र श्रमको आधुनिकीकरण र औद्योगीकरण प्रवर्द्धन गर्न रैथाने सीप र कलासम्बन्धी विश्वविद्यालय स्थापना गरिनेछ ।

· दलित समुदायमा रहेको भूमिहीनता र आवासहीनताको अन्त्य गरिनेछ ।

· अन्तरजाति विवाह गर्ने जोडीहरूलाई आत्मनिर्भर बनाउन बिना धितो सहुलियत ब्याजदरमा १५ लाखसम्म बैंक कर्जा प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

· दलित समुदायको सर्वाङ्गीण विकासको लागि एकीकृत दलित विकास प्राधिकरण गठन गरिनेछ ।

· जातीय विभेद तथा छुवाछुतविरुद्ध तीनवटै तहका सरकार सम्मिलित राष्ट्रिय अभियान सञ्चालन गरिनेछ । आगामी एक दशक दलित अधिकार दशकको रूपमा घोषणा गरी दलित समुदायको आत्मसम्मान तथा समृद्धि सुनिश्चित गरिनेछ ।

· दलित महिला, मधेसी दलित, वादी, गन्धर्वलगायत दोहोरो तिहोरो शोषणमा परेका समुदायको जीविकोपार्जन तथा विभेद अन्त्य गर्न विशिष्ट प्रकृतिका कार्यक्रम सञ्चालन गरिनेछ ।

### *थारु समुदाय*

सङ्घीय संरचनासँगै थारु समुदायको सघन बसोबासको भौगोलिक क्षेत्र तीन प्रदेशमा विभाजित गरिएकोले यसबाट थारु जातिको सामाजिक, आर्थिक तथा भाषिक विकास र सङ्घ, प्रदेश तथा स्थानीय तहमा पहुँच र प्रतिनिधित्वमा परेका नकारात्मक प्रभाव अन्त्य गर्नु जरुरी छ :

· मुक्त कमैया तथा कमलरीहरूलाई पुनर्स्थापित गर्ने काम दुई वर्षमा सम्पन्न गरिनेछ ।

· थारु जातिमा पाइने सिकलसेल रोगको निःशुल्क उपचार गरिनेछ ।

· थारु आयोगलाई स्रोत–साधनले सम्पन्न तुल्याई आयोगको कामकारबाही प्रभावकारी बनाइनेछ ।

· थारु समुदायको संस्कृति तथा चालचलनलाई पर्यटकीय महत्वको रूपमा विकास गर्न राष्ट्रिय कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

· थारु समुदायको रैथाने सीप र पेशालाई निर्यातमुखी उद्यमशीलतामा विकास गरिनेछ ।

### *मधेसी–तराईवासी समुदाय*

विभिन्न सङ्घर्षका क्रममा मधेसी–तराईवासी समुदायहरूसँग भएका सम्झौताहरूको कार्यान्वयन तथा संविधानको एक दशकको अभ्यासका आधारमा मधेसी–तराईवासी समुदायले भोग्नुपरेको समस्या हल गर्न निम्न पहल गरिनेछ :

· मधेसी समुदायको संविधानप्रतिको असहमति र असन्तुष्टिलाई सहमतिका आधारमा सम्बोधन गरिनेछ ।

· मधेसमा राजनीतिक, प्रशासनिक र वित्तीय स्वायत्तता एवम् सङ्घीयताको पूर्ण रूपमा लागू गरिनेछ ।

· निजामती सेवा, सेना, प्रहरी, विदेशी कूटनीतिक नियोग तथा सङ्घ, प्रदेश र स्थानीय तह र क्षेत्रमा मधेसी–तराईवासी समुदायको समानुपातिक समावेशी पहुँच र प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

· मधेसी तराईवासीभित्रको जातीय विभेदको अन्त्य गर्न विशेष कार्यक्रम ल्याइनेछ ।

· मधेसी आयोगलाई स्रोत साधनले सम्पन्न बनाई प्रभावकारी बनाइनेछ ।

· पिछडावर्गको समस्या समाधान गर्न एक आयोग गठन गरिनेछ र सो आयोगको प्रतिवेदन कार्यान्वयन गरिनेछ ।

· मधेस क्षेत्रमा औद्योगीकरण, रोजगारी सिर्जना, पूर्वाधार विकास तथा गरिबी न्यूनीकरणका लागि विशेष आर्थिक प्याकेज सञ्चालन गरिनेछ ।

· मधेसी–तराईवासीभित्रका दलित, मुस्लिम, थारु तथा महिलाहरूमाथि दोहोरो उत्पीडन अन्त्य गर्न विशेष आरक्षण, शिक्षा तथा स्वास्थ्य कार्यक्रम लागू गरिनेछ ।

### *मुस्लिम समुदाय*

राज्यको शक्ति तथा स्रोत संरचनामा असमानता भोग्दै आएको कारण मानव विकासका सूचकहरूमा धैरै पछाडि परेको मुस्लिम समुदायको अधिकारको रक्षा र उत्थानका लागि निम्न पहल गरिने छ :

· राज्यका सबै अङ्गमा मुस्लिम समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

· उर्दू भाषा लगायत लोपोन्मुख अवस्थामा रहेको मियाँ भाषाको संरक्षण गरिनेछ ।

· धार्मिक पर्यटकीय क्षेत्रको सूचीमा मुस्लिम समुदायका काठमाडौं, नवलपरासी, महोत्तरी र बाँकेमा रहेका विभिन्न मस्जिदहरूलाई सूचीकृत गरिनेछ ।

· मदरसा शिक्षालाई आधुनिक शिक्षा प्रणालीसँग जोडेर मान्यता प्रदान गरिनेछ ।

· मुस्लिम आयोगलाई स्रोतसाधनले सम्पन्न बनाई प्रभावकारी बनाइनेछ ।

· नेपालबाट हजमा जानेलाई आयोगमार्फत व्यवस्थित गरिनेछ ।

### *सीमान्तकृत भाषा समुदाय*

सामन्ती राज्यको भाषिक औपनिवेशीकरण नीतिले खस नेपाली बाहेकका अन्य भाषाहरू कुनै लोपोन्मुख, कुनै सङ्कटापन्न, कुनै मृतप्राय र केही अविकसित अवस्थामा रहेकोले सो स्थितिलाई सम्बोधन गर्न संविधानको मर्म अनुरूप निम्न कार्यक्रमहरू गरिनेछ :

· बागमती प्रदेशले तामाङ र नेपाल भाषालाई तथा गण्डकी प्रदेशले मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रूपमा दिएको मान्यतालाई शिक्षा प्रणाली र सरकारी कामकाजमा पूर्ण रूपमा कार्यान्वयन गरिनेछ ।

· प्रदेश १ मा बान्तवा र लिम्बु भाषा, मधेस प्रदेशमा मैथिली, भोजपुरी र बज्जिका भाषा, लुम्बिनी प्रदेशमा अवधी, थारु र मगर भाषा, कर्णाली प्रदेशमा मगर तथा भोटे भाषा र सुदूरपश्चिम प्रदेशमा डोटेली र थारु भाषालाई सम्बन्धित प्रदेशको सरकारी कामकाजको भाषा तोक्न पहल गरिनेछ ।

· अन्य भाषाहरूलाई क्रमशः स्थानीय तह र विशेष क्षेत्रहरूमा कामकाजको भाषा तोक्ने व्यवस्था गरिनेछ ।

· भाषा आयोगलाई स्रोतसाधन सम्पन्न गरी प्रभावकारी बनाइनेछ ।

· आदिवासी भाषा दशक राष्ट्रिय समिति गठन गरी भाषा विकासको राष्ट्रिय कार्य योजना बनाई लागू गरिने छ ।

### *लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय*

· यौन अभिमुखीकरण, लैङ्गिक पहिचान र यौन विशेषताका विषयमा समाजमा रहेको भ्रम चिर्न समुदाय स्तरमा सचेतना कार्यक्रम सञ्चालन गर्नुका साथै शैक्षिक पाठ्यक्रममा यस विषयलाई समावेश गरिनेछ ।

· फरक यौनिक र लैङ्गिक अभिमुखीकरण भएका व्यक्तिहरूमा हुने शारीरिक तथा मानसिक हिंसा अन्त्य गर्न कडा कानुनी व्यवस्था गरी सुरक्षाको प्रत्याभूति र पीडितलाई न्याय सुनिश्चित गरिनेछ ।

· मुलुकी देवानी संहितामा संशोधन गरी विवाहलाई यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकमैत्री बनाइनेछ ।

· यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको लागि सीप विकास र रोजगारीका कार्यक्रम सञ्चालन गरिनेछ ।

### *सुरक्षा निकाय तथा राष्ट्रिय सुरक्षा*

· नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई आधुनिक हतियार, उपकरण, प्रविधि र भौतिक पूर्वाधार प्रदान गरी व्यावसायिक र सक्षम बनाइनेछ । रासन, युनिफर्म, स्वास्थ्य र आवास सुविधामा उल्लेख्य सुधार गरिनेछ ।

· सङ्घीय प्रहरी समायोजनलाई सङ्घीयताको मर्मअनुसार १ वर्षभित्र पूर्ण रूपमा कार्यान्वयन गरिनेछ । यसका लागि आवश्यक सङ्घीय नेपाल प्रहरी ऐन, सशस्त्र प्रहरी बल ऐन र समन्वय ऐनहरू तत्काल जारी गरिनेछ ।

· सुरक्षा कर्मचारीको मनोबल र दीर्घकालीन सेवा सुनिश्चित गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई १६ वर्ष तथा जुनियर अधिकृतलाई १८ वर्षमा पेन्सनको व्यवस्था कानुनी रूपमा लागू गरिनेछ ।

· संयुक्त राष्ट्रसङ्घका शान्ति मिसनहरूमा नेपाली सुरक्षा फौजको सहभागिता थप बढाउन कूटनीतिक र संस्थागत पहल गरिनेछ ।

· समयानुकूल राष्ट्रिय सुरक्षा नीति तयार गरी लागू गरिनेछ । यसमा साइबर सुरक्षा, आन्तरिक सुरक्षा, ऊर्जा सुरक्षा, जैविक/रासायनिक जोखिम, जलवायु परिवर्तनबाट हुने सुरक्षा चुनौतीहरू समेटिनेछन् ।

· साइबर सुरक्षा र सूचना सुरक्षा संयन्त्रलाई सुदृढ गरी राष्ट्रिय साइबर सुरक्षा नीति र कमाण्ड सेन्टर स्थापना गरिनेछ ।

· सीमा सुरक्षा, मानव तस्करी, लागूऔषध तस्करी, उग्रवाद र आन्तरिक द्वन्द्व नियन्त्रणका लागि एकीकृत सुरक्षा रणनीति लागू गरिनेछ ।

· सुरक्षा निकायहरूबीच समन्वय र सहकार्यका लागि उच्चस्तरीय राष्ट्रिय सुरक्षा परिषद् (National Security Council) को प्रभावकारी भूमिका सुनिश्चित गरिनेछ ।

· सुरक्षा निकायमा योग्यता, पारदर्शिता र राजनीतिक हस्तक्षेपमुक्त नियुक्ति/बढुवा प्रणाली लागू गरिनेछ ।

### *भूतपूर्व गोर्खा सैनिक समुदाय*

· सन् १८१५ बाट ईस्ट इन्डिया कम्पनी सरकारको पालादेखि शुरु भई भारतबाट बेलायत फर्केपछि सन् १९४७ को नेपाल–भारत–बेलायतबीचको त्रिपक्षीय सन्धि बमोजिम बेलायत सरकार, सिंगापुर सरकार र ब्रुनाई सुल्तानको सेवाबाट निवृत्त भूतपूर्व गोर्खा सैनिकहरूको सेवा सुविधामा समकक्षी बेलायती सेनाहरूको तुलनामा असमान भएकोले त्यसलाई सम्बोधन गर्न निम्नानुसारको पहल गरिनेछ :

· भूतपूर्व गोर्खा सैनिकहरूको समस्या समाधान गर्न नेपाल र बेलायत सरकारबीच भइरहेको समान पेन्सन सुविधा सम्बन्धी वार्तालाई निष्कर्षमा पुऱ्याइनेछ । · भूतपूर्व गोर्खा सैनिकको नागरिकता र मताधिकार

यथावत राख्ने र अब विदेशी सेनामा जाने नेपालीहरूका लागि सम्बन्धित सरकारसँग द्विपक्षीय सन्धि गर्ने व्यवस्था गरिनेछ । · भूतपूर्व गोर्खा सैनिकहरू र तिनका वीरगाथाको वर्णन नेपाली विश्वविद्यालयहरूको पाठ्यक्रममा समावेश गरिनेछ ।

### *शहीद, बेपत्ता परिवार, घाइते र अपाङ्ग*

· शहीद परिवार, बेपत्ता परिवार, जनयुद्ध र विभिन्न सङ्घर्षहरूमा घाइते भएका व्यक्तिहरूलाई संरक्षण र सम्मान गरिने कार्यक्रम ल्याइनेछ । उनीहरूलाई सरकारी तथा सार्वजनिक सेवा सुविधामा कानुन बनाएर विशेष सुविधा दिने व्यवस्था गरिनेछ ।

· अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गतामैत्री व्यावसायिक तालिमको व्यवस्था गरिनेछ । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानजनक ढङ्गले जीवनयापन गर्नका लागि सामाजिक सुरक्षा भत्तामा क्रमशः वृद्धि गर्दिँदै लगिनेछ ।

· सार्वजनिक स्थल र कार्यालयहरू अपाङ्गमैत्री बनाइनेछ ।

### *विपन्न र सीमान्तकृत समुदाय*

· निरपेक्ष गरिबीको रेखामुनि रहेका नागरिक, आवासबिहीन र भूमिहीन सुकुम्बासी, मुक्त कमैया तथा हलिया र अशक्तलाई आधारभूत आयको ग्यारेन्टी सहित सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ ।

· लक्षित वर्गलाई निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था मिलाइनेछ ।

· साथै ज्येष्ठ नागरिक, विपन्न दलित, एकल महिला र अपाङ्गता भएकाहरूको निःशुल्क स्वास्थ्य बीमा गरिनेछ ।

· बहिष्करण र असमानतालाई सम्बोधन गर्ने गरी नयाँ सामाजिक सुरक्षा कार्यक्रमहरू थालनी गरिनेछ ।

· किसान, प्रकोपबाट प्रभावित र अपाङ्गता भएकाहरूलाई विशेष प्राथमिकतामा राखिनेछ ।

· गरिबी अन्त्य गर्न लक्षित वर्ग र समुदाय केन्द्रित कार्यक्रम सञ्चालन गरिने छ ।

### *भूतपूर्व सैनिक तथा प्रहरी*

· देश र नागरिकको सुरक्षामा भूतपूर्व सैनिक तथा प्रहरीहरूको हक, हित र सरोकारका विषयमा समुचित ध्यान दिइने छ ।

· भूतपूर्व सैनिकहरूको क्षमता र अनुभवलाई राष्ट्रहितमा अधिकतम सदुपयोग गरिने छ ।

### *साहित्य, कला र संस्कृति*

· समाजको ऐना मानिने साहित्य, कला र संस्कृतिको विकासमा विशेष ध्यान दिइनेछ ।

· हाम्रा मौलिक कला, साहित्य, संस्कृति, लोक–दोहरी, गीत–सङ्गीत र चलचित्रको संरक्षण एवं प्रवर्द्धन गर्न र विद्वान, वैज्ञानिक, विशेषज्ञ, कलाकार, साहित्यकार, संस्कृतिविदलगायत राष्ट्रका प्रतिभाहरूको सम्मानसहित उनीहरूको प्रतिभालाई राष्ट्र निर्माणमा सदुपयोग गर्न पहल गरिनेछ ।

· सांस्कृतिक चेतना बढाउने लेखक, कवि, चलचित्रकर्मी, सञ्चारकर्मी, चित्रकार, मूर्तिकार, गीतकार, नर्तक–नृत्याङ्गनालगायत विविध विधाका कलाकारहरूका साथै नयाँ–नयाँ आविष्कार गर्ने वैज्ञानिक र प्राविधिकलाई पुरस्कृत गरी प्रोत्साहित गर्नका लागि आवश्यक पहल गरिनेछ ।

## *गैरआवासीय नेपाली*

· गैरआवासीय नेपालीहरूको ज्ञान, सीप र आर्जनलाई राष्ट्र निर्माणमा लगाउने नीति लिइने छ ।

· प्रवासी नेपाली नागरिकहरूको श्रमसम्बन्धी हक लगायत अन्य हकको सुरक्षाका लागि प्रभावकारी पहल गरिने छ ।

· गैरआवासीय नेपालीहरूबाट स्वदेशमा लगानी भित्र्याउनका लागि सङ्घीय सरकारले विशेष महत्वका साथ योजना बनाउन लगाइने छ ।

· गैरआवासीय नेपाली नागरिकतालाई थप अधिकार सम्पन्न बनाउन आवश्यक कानून बनाइनेछ ।

## *सबल सामाजिक सुरक्षा प्रणाली*

· योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सबै नागरिकको अनिवार्य आवद्धता गराई जीवनचक्रभरि सुरक्षा (जन्मदेखि मृत्युसम्म) प्रदान गरिनेछ, जसलाई जागरण अभियान र डिजिटल प्लेटफर्ममार्फत प्रभावकारी बनाइनेछ ।

· औपचारिक क्षेत्रका सबै प्रतिष्ठानमा ३१% योगदान (रोजगारदाता २०% सहित) अनिवार्य गरी कर चुक्ता प्रमाणपत्रको पूर्वशर्त बनाइनेछ, यसलाई युनियनहरूसँग परामर्श गरी सामूहिक सौदाबाजी अधिकार सुरक्षित राख्दै लागू गरिनेछ ।

· अनौपचारिक क्षेत्र (कृषि, स्वरोजगार, ज्यालादारी, सार्वजनिक सवारी चालक, सडक व्यापारी आदि) लाई पूर्ण रूपमा समेटिनेछ र आय–आधारित प्रिमियम मोडेलबाट प्रेरित गरी स्थानीय तहमा दर्ता प्रक्रिया सरलीकृत गरिनेछ ।

· गरिबी, जोखिम मूल्यांकन र कमजोर समूहको आधारमा समपूरक अनुदानमार्फत अनौपचारिक श्रमिकको योगदान सहयोग गरिनेछ, यसलाई लक्षितकरण त्रुटि र कलङ्क कम गर्न सार्वभौमिक दृष्टिकोणसँग जोडेर लागू गरिनेछ ।

· सामाजिक सुरक्षा भत्ता वितरणमा दोहोरोपना हटाई प्रभावकारी कार्यान्वयनका लागि कमजोर समूहलाई प्राथमिकता दिइनेछ र दुर्गम क्षेत्रमा आउटरिच कार्यक्रम चलाइनेछ ।

· सामाजिक सुरक्षा कार्ड जारी गरी एकीकृत प्रणाली विकास गरिनेछ र खण्डीकरण तथा दोहोरोपना हटाउन डिजिटल एकीकरणबाट मजबुत बनाइनेछ ।

· जीविकोपार्जन खर्चसँग जोडेर क्रमिक वृद्धि हुने गरी भत्ता संरचना बनाइनेछ ।

· कम आय भएका श्रमिकका लागि म्याचिङ कन्ट्रिब्युशनको व्यवस्था गरिनेछ र प्रोत्साहन र कम योगदान दरबाट प्रवासी कामदारमा द्रुत विस्तार गरिनेछ ।

· प्रवासी कामदारहरूमा सामाजिक सुरक्षाको द्रुत विस्तार गरिनेछ र अन्तर्राष्ट्रिय समन्वय र पोर्टेबल लाभ सुनिश्चित गरिनेछ ।

· बेरोजगारी बीमाको व्यवस्था लागू गरिनेछ, जसलाई जोखिम पूलिङबाट मजबुत बनाई अनौपचारिक क्षेत्रमा पाइलट परीक्षण गरी विस्तार गरिनेछ ।

· सामाजिक सुरक्षालाई उत्पादन, उत्पादकत्व र रोजगारीसँग जोडिनेछ र कौशल विकास र रोजगारी ग्यारेन्टीसँग एकीकृत गरिनेछ ।

· बालबालिकाको पोषण, स्वास्थ्य, शिक्षा र संरक्षण प्याकेज विकास गरिनेछ र गरिबी न्यूनीकरणसँग जोडेर लागू गरिनेछ ।

· सामाजिक सुरक्षा कोषले विशेष ऋणपत्र जारी गरी राष्ट्रिय रूपान्तरणकारी परियोजनामा लगानीबाट आन्तरिक पूँजी निर्माण गरिनेछ, यसलाई जोखिम व्यवस्थापन र पारदर्शी लगानी नीतिसँग मजबुत बनाइनेछ ।

· सबैलाई न्यून वित्तीय भारमा पेन्सन र गुणस्तरीय तथा किफायती स्वास्थ्य सेवा (Universal Health Coverage) सुनिश्चित गरिनेछ, जसलाई चरणबद्ध कार्यान्वयन र बहुपक्षीय साझेदारीबाट व्यवहार्य बनाइनेछ ।

· स्थानीय तहको भूमिका वृद्धि गरी zero pending र उच्च नैतिक आचरणयुक्त शासकीय कार्य संस्कार स्थापना गरिनेछ, यसलाई सुशासन र क्षमता निर्माणबाट मजबुत बनाइनेछ ।

***अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीति***

## स्वतन्त्र नेपाल, सन्तुलित कूटनीति !

· नेपालको असंलग्न परराष्ट्र नीतिलाई थप सुदृढ गर्दै राष्ट्रिय हित, सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई सर्वोच्च प्राथमिकता दिने ।

· छिमेकी देशहरूसँगको सम्बन्धलाई प्राथमिकता दिई पारस्परिक सम्मान, विश्वास र लाभमा आधारित सन्तुलित सम्बन्ध विकास गर्ने ।

· लिपुलेक, लिम्पियाधुरा, कालापानी जस्ता सीमा विवादहरू कूटनीतिक वार्ता र अन्तर्राष्ट्रिय कानुनका आधारमा समाधान गर्ने; सीमा व्यवस्थापन र नियमनलाई आधुनिक र प्रभावकारी बनाउने ।

· संयुक्त राष्ट्रसङ्घ, सार्क, बिमस्टेक लगायत बहुपक्षीय मञ्चहरूमा नेपालको सक्रिय र सशक्त उपस्थिति कायम राख्ने ।

· असमान सन्धि–सम्झौताको पुनरावलोकन गरी पारस्परिक लाभमा आधारित नयाँ सम्झौताहरू गर्ने ।

· आर्थिक कूटनीतिलाई प्राथमिकता दिई वैदेशिक लगानी, निर्यात प्रवर्द्धन, प्रविधि हस्तान्तरण, पर्यटन र रोजगारीका अवसर बढाउने ।

· जलवायु परिवर्तन, हिमालय संरक्षण, पर्वतीय मुद्दा र भूपरिवेष्टित राष्ट्रका साझा हितमा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको आवाज सशक्त बनाउने ।

· गैरआवासीय नेपालीहरूको सीप, पूँजी, अनुभव र विशेषज्ञतालाई नेपालको विकासमा उपयोग गर्ने नीति तथा संरचना निर्माण गर्ने ।

· वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारको हकहित, सुरक्षा र सामाजिक सुरक्षाको अन्तर्राष्ट्रिय समन्वय गर्ने ।

· अनुमोदित सबै अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि तथा महासन्धिहरूको पूर्ण कार्यान्वयन गर्ने ।

***विविध***

· संविधानद्वारा सुनिश्चित सबै नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण कार्यान्वयन गरिनेछ ।

· मौलिक हक उल्लङ्घन भएमा शीघ्र न्यायिक उपचार र उचित क्षतिपूर्तिको व्यवस्था अनिवार्य गरिनेछ ।

· राज्य शक्तिको दुरुपयोग, दमन, मनपरी गिरफ्तारी र यातनाको पूर्ण अन्त्य गरिनेछ ।

· मानव अधिकार रक्षक, पत्रकार, नागरिक समाजका कार्यकर्ता र विपक्षी आवाजलाई सुरक्षा र संरक्षण प्रदान गरिनेछ ।

· मीटरब्याज पीडितको न्याय मीटरब्याजविरुद्ध विशेष कानुन निर्माण गरी पीडितको ऋण मिनाहा/पुनर्संरचना गर्ने, दोषीलाई कडा कारबाही गर्ने र पीडितलाई कानुनी सहायता तथा जीविकोपार्जन सहयोग दिने ।

· आरक्ष, निकुञ्ज तथा विकास आयोजना प्रभावित राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र र ठूला पूर्वाधार आयोजनाबाट विस्थापित तथा प्रभावित परिवारलाई उचित क्षतिपूर्ति, वैकल्पिक जग्गा वा स्वामित्वको व्यवस्था गरिनेछ । प्रभावित समुदायको सहमति र परामर्श अनिवार्य बनाइनेछ ।

· सहकारी ठगी तथा वित्तीय शोषण पीडित सहकारी ठगी पीडितको रकम फिर्ता र दोषीमाथि कारबाहीका लागि विशेष आयोग गठन गरी छानबिन र न्याय सुनिश्चित गर्ने ।

· प्राकृतिक प्रकोप तथा विपद् प्रभावित बाढी, पहिरो, भूकम्प जस्ता विपद्बाट प्रभावित परिवारलाई तत्काल राहत, पुनर्स्थापना र दीर्घकालीन जीविकोपार्जन योजना लागू गरिने ।

***नाराहरू***

भाषिक विभेदको अन्त्य गरौँ ! सयौँ फूलहरू फुल्न दिऔँ !

नेपाली कम्युनिस्ट पार्टीको आवाज: छुवाछूत मुक्त समाज

आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास, स्थानीय तह र समुदायबाटै समाजवादको अभ्यास !

नेपाली विशेषताको समाजवाद सामाजिक क्रान्तिको मूल बाटो !

सिँचाइ, बीउ, मल, मूल्य र बजार कृषि क्षेत्र विकासको मूल आधार

लोकतान्त्रिक शासन प्रणालीको आधार: जनताको घरदैलोसम्म गुणस्तरीय सेवा प्रवाह

आर्थिक विकास र समृद्धिका आधार: सुशासन, पारदर्शिता र मितव्ययिता

शिक्षा र स्वास्थ्यको गुणस्तरीय पूर्वाधार, समृद्धिको आधार !

उद्यमशीलता, उद्यमी परिवार, गाउँ–सहर घर–घरमा रोजगार !

मर्यादित श्रम, सम्मानित श्रमिक

उद्यमशीलता र रोजगार, आर्थिक र सामाजिक रूपान्तरण र विकासको आधार !

उत्पादन बढाऔँ, आत्मनिर्भर बनाऔँ, समृद्ध नेपालको आधार तयार गरौँ !